# सार्की जातिको सामाजिक, आर्थिक तथा शैक्षिक अवस्था

## महालक्ष्मी नगरपालिका वडा नं. ५ ललितपुरको एक अध्ययन

त्रिभुवन विश्वविद्यालय,मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत
समाजशास्त्र विषयमा स्नातकोत्तर तहको आंशिक आवश्यकताको
प्रयोजनको लागि समाजशास्त्र तथा ग्रामिण विकास विभाग पृथ्वीनारायण क्याम्पस
पोखरामा प्रस्तुत

शोधपत्र

प्रस्तुतकर्ता
रामचन्द्र अधिकारी
रोल नं. १०५/०७२
परीक्षा क्रमाङ्कः ४८०४१७
रजिष्ट्रेशन नं ६-२-३७-११४१-२०१०
समाजशास्त्र तथा ग्रामीण विकास विभाग
पृथ्वीनारायण क्याम्पस, पोखरा

**पोखरा**

**२०७९**

TRIBHUVAN UNIVERSITY
त्रिभुवन विश्वविद्यालय
**Prithvi Narayan Campus**
**पृथ्वीनारायण क्याम्पस**
(A QAA Certified Institution, Accredited by UGC, Nepal)

प.सं. :
च.नं. :

# सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय, पृथ्वीनारायण क्याम्पस, मानविकी तथा समाजिकशास्त्र संकायअन्तर्गत समाजशास्त्र विषयमा स्नातकोत्तर तहको आंशिक आवश्यकता परिपूर्तिका निम्ति शोधार्थी **रामचन्द्र अधिकारी**द्वारा **"सार्की जातिको सामाजिक, आर्थिक तथा शैक्षिक अवस्था": महालक्ष्मी नगरपालिका वडा नं. ५ ललितपुरको एक अध्ययन** शीर्षक शोधपत्र मेरो निर्देशनमा तयार पार्नुभएको हो । उहाँको कार्यप्रति म सन्तुष्ट छु, उक्त शोधपत्रको आवश्यक मूल्याङ्कनको लागि सिफारिस गर्दछु ।

.............................

शंकरनाथ पौडेल

शोध निर्देशक

समाजशास्त्र विभाग

पृथ्वीनारायण क्याम्पस, पोखरा

मितिः ..........................

TRIBHUVAN UNIVERSITY
त्रिभुवन विश्वविद्यालय
**Prithvi Narayan Campus**
**पृथ्वीनारायण क्याम्पस**
(A QAA Certified Institution, Accredited by UGC, Nepal)

प.सं. :
च.नं. :

# स्वीकृती पत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा समाजिक शास्त्र संकाय अन्तर्गत समाजशास्त्रका विद्यार्थी **रामचन्द्र अधिकारी**ले स्नातकोत्तर तहको आंशिक आवश्यकता परिपूर्ति प्रयोजनका लागि यस विभागमा प्रस्तुत गर्नु भएको **"सार्की जातिको सामाजिक, आर्थिक तथा शैक्षिक अवस्था": महालक्ष्मी नगरपालिका वडा नं. ५ ललितपुरको एक अध्ययन** विषयक शोधपत्र मुल्याकंन समितिबाट स्नातकोत्तर उपाधिका लागि उचित ठहरिएकोले स्वीकृत प्रदान गरिएको छ।

मुल्याकंन समिति

...................................
शंकरनाथ पौडेल
उप-प्राध्यापक
शोध निर्देशक

...................................
लक्ष्मण शर्मा
बाह्य परीक्षक

................................
शिव बहादुर थापा
विभागीय प्रमुख

बुझाइएको मिति : ....................................
मौखिक परिक्षा मिति : .................................

# कृतज्ञता ज्ञापन

पृथ्वी नारायण क्याम्पस, मानबिकी संकाय अन्तर्गत समाजशास्त्र विषयको स्नातकोत्तर तहको आंशिक आवश्यकता परिपूर्ति गर्नको लागि शोधकार्य अनिवार्य भएकोले मैले “सार्की जातिको सामाजिक आर्थिक”: तथा शैक्षिक अवस्था ललितपुर, महालक्ष्मी नगरपालिका वडानं. ५ का सार्की जातिको एक अध्ययन” नामक शोधपत्रलाई पेश गरिएको छु ।

प्रस्तुत अध्ययन मेरो लागि पहिलो अनुभव भएकाले शोध अध्ययन गर्ने क्रममा केही कमजोरीहरू भएको होला । सकेसम्म त्रुटी नहोस भन्ने उद्देश्यले मेहनत र प्रयास गरिएको छ । प्रस्तुत शोधपत्र तयार गर्ने क्रममा आफ्नो अमूल्य र व्यस्त समयको बाबजुद पनि आवश्यक समय मिलाएर सल्लाह, सुझाव र निदेशन दिनु हुने पृथ्वी नारायण क्याम्पस समाजशास्त्र विभागका मेरा शोध निर्देशक श्रद्धेय गुरु शंकरनाथ पौडेल प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । यसैगरी शोधपत्र तयार पार्न प्रेरणा दिनुहुने मेरो परिवार, सूचना उपलब्ध गराइदिनुहुने स्थानीय वडा सदस्यहरू निरज महर्जन, रमेश थापा, लक्ष्मी थापा, गीता नेपाली खड्का स्थानीय बासिन्दाहरू पुस्तक लेख रचना उपलब्ध गराईदिनुहुने र सोध लेखनमा सहयोग गरिदिनुहुने र सोध तयार गर्ने क्रममा प्रारम्भदेखि अन्तसम्म प्रेरणा दिनुहुने प्रिय मित्र कृष्णहरि अधिकारीप्रति विशेष धन्यवाद दिन चाहान्छु । सन्दर्भसूचीमा रहेका पुस्तक तथा लेख रचनाको लेखक तथा प्रकाशकहरू प्रति कृतज्ञता ज्ञापन गर्दछु । अन्तमा यो शोध तयार पार्नका लागि प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा सहयोग गरिदिनुहुने मेरा मित्र तथा शुभचिन्तकहरू साथै उत्तरदाताहरूप्रति हार्दिक धन्यवाद दिन चाहान्छु ।

रामचन्द्र अधिकारी

# शोध सार

ललितपुर जिल्ला, महालक्ष्मी नगरपालिका टिकाथलीको सार्की जाति वा समुदायमा आर्थिक पक्ष मध्यका पेशा, भुस्वामित्व वार्षिक आय, रोजागर र खाना पुग्ने र नपुग्ने तत्वहरूको अध्यान अनुसन्धान प्रत्यक्ष प्रत्येक घरमा गइ तथ्याङ्क लिदा आर्थिक अवस्थाको पेशामा परम्परागत पेशा, कृषि, मजदुरी आदि पक्षलाई हेर्दा साच्ची नै ललितपुर नगरपालिका, टिकाथलीका सार्की जाती अत्यन्तै न्युन अवस्थामा भेटियो। रोजगारीको तथ्याङ्कबाट आफ्नो पूरानो पेशा कमैले गरेको पाइयो। ६० प्रतिशतले ज्याला मजदुरी गरी परिवारको गुजारा चलाएको पाइयो। सार्की जातिमा जग्गा जमिन अत्यन्तै थोरै भएको कारणले गर्दा कृषि पेशामा उनीहरू कम रहेको पाइयो। किन कि टिकाथलीको सार्की जातिको जमिन एक रोपनी १०% र आधा रोपनी ९० प्रतिशत रहेको देखियो । टिकाथलीका सार्की जाति विस्तारै वैदेशिक रोजगारमा पनि जान थालेको पाइयो । किन भने जग्गा जमिन पनि कम र रोजगारमा पनि पुरानो पैसालाई अहिलेको आधुनिकरणले् विस्तापित गराइदै आएकोले आफ्नो परिवार संचालनको लागि पनि वैदेशिक यात्रा गरिरहेको पाइएको छ ।

सामाजिक पक्ष वा अवस्थामा टिकाथलीका सार्की जातिको सामाजिक अवस्थामा आठवटा पक्षको अध्ययन अनुसन्धान गरी तथ्याङ्क निकालिएको छ। त्यसमा उमेर, लिङ्ग, जातिय विभदे, वैवाहिक अवस्था, पारिवारको किसिम, स्वास्थ्य, धर्म र चाडपर्व आदिको तथ्याङ्क प्रस्तुत गरिएको छ । प्रस्तुत सामाजिक पक्ष मध्यका आठैवटा पक्षमा सार्की जातिको अवस्था निकै दयनीय देखिएको पाइन्छ। उमेरको अवस्थामा कम उमेरको समूहले घरको दायित्व समालेको प्रस्तुत गरिएकोछ । ६० वर्ष भन्दा बढी उमेरको जनसङ्ख्या कुल जनसङ्ख्याको तुलनामा कम भएको देखिएकोले कम उमेर समूहका मानिसहरूले घर समालेको पाइन्छ। लिङ्गको आधारमा महिला र पुरुषको आधारमा परिवारको जिम्मेवारी पुरुषले ९०% र महिलाले १०% पाइयो । महिलाहरू कमले घरको जिम्मेवारी समालेको पाइयो। विवाह पनि सार्की जातिमा २० देखि २५ वर्ष उमेर समूहले ७५ प्रतिशत उमेरमा विवाह गरेको पाइयो। परिवारको किसिममा सार्की जाति संयुक्तमा भन्दा एक परिवारमा बस्दै आएको पाइयो। अधिकांश जातिले हिन्दुनै मान्दै आएको पाइयो। चार्डपर्व दशै तिहार, तिज, चैते दशै नै धेरेले मान्दै आएको पाइयो र केहीले क्रिस्मसलाई पनि मान्दै आएको

पाइयो । स्वास्थ्यमा अझै पनि सार्की जाति धामी झाक्री प्रथा पनि मानिरहेको पाइयो । ६७.५ प्रतिशतले सरकारी स्वास्थ्य सेवा लिएको पाइन्छ ।

सार्की जातिमा शिक्षाको अवस्था बारेमा टिकाथली, वडा नं ५ मा अनुसन्धान गर्दा विद्यालयमा पहुँच शिक्षाको स्तर, शिक्षाले सार्की जातिमा ल्याएको परिवर्तन आदिको प्रस्तुत तथ्याङ्कमा सार्की जाति अझै पनि आर्थिक समस्याको कारणले गर्दा आफ्नो बाल बच्चा निजी विद्यालयमा पढाउन नसक्ने र आफ्नो छोराछोरी धेरै मात्रामा सरकारी विद्यालयमा पढाएको सार्की जातिमा शिक्षाको कारण आफु नपढे पनि आफ्नो बालबालिकालाई पढाउनु पर्छ भन्ने सोच आएको देखिन्छ । निजि क्षेत्रमा मात्र नभएर सरकारी विद्यालयबाट धेरे शिक्षा लिन सकिन्छ भन्ने आफ्नो बालबच्चा स्कुल पठाउने गरिएको पाइन्छ ।

# विषय सूची

| | | |
|---|---|---|
| | | **पृष्ठ** |
| सिफारिस पत्र | | |
| स्वीकृति पत्र | | |
| कृतज्ञता ज्ञापन | | |
| शोधसार | | |
| विषय सूची | | |
| **अध्याय-एकः परिचय** | | **१-७** |
| १.१ | अध्ययनको परिचय | १ |
| १.२ | समस्याको कथन | ५ |
| १.३ | अध्ययनको उद्देश्य | ६ |
| १.४ | अध्ययनको महत्व | ६ |
| १.५ | अध्ययनको सिमाहरु | ७ |
| **अध्याय-दुईः पूर्व साहित्यको अध्ययन** | | **८-१३** |
| २.१ | सैदान्तिक समिक्षा | ८ |
| २.२ | पुर्व अध्ययन समिक्षा र प्रस्तुती | ११ |
| **अध्याय-तीनः अनुसन्धानको विधि** | | **१४-१५** |
| ३.१ | अध्ययन क्षेत्र र छनौटको औचित्य | १४ |
| ३.२ | अनुसन्धान ढाँचा | १४ |
| ३.३ | अध्ययनको समग्रता | १४ |
| ३.४ | तथ्याङ्कको स्रोत र प्रकृती | १५ |
| ३.५ | तथ्याङ्क संकलन विधिहरु | १५ |
| | ३.५.१ अन्तवार्ता विधि | १५ |
| | ३.५.२ अवलोकन विधि | १५ |

३.६ तथ्याङ्कको विश्लेषण तथा प्रस्तुतीकरण १५

**अध्याय-चारः तथ्याङ्कको विश्लेषण र प्रस्तुतीकरण १६-३६**

४.१ सार्की जातिको सामाजिक अवस्था १६

४.१.१ उमेरको आधारमा उत्तरदाताको वर्गिकरण १६

४.१.२ घरमुलीको लैङ्गिक अवस्था १७

४.१.३ विवाहको उमेर १८

४.१.४ विवाह प्रकार १९

४.१.५ पारिवारिक किसिम २०

४.१.६ जातिय विभेद २१

४.१.७ चाडपर्व २२

४.१.८ धर्म २३

४.१.९ स्वास्थ्य पहुँच र सार्की जाती २३

४.२ सार्की जातिको आर्थिक अवस्था २४

४.२.१ पेशा २५

४.२.२ भु स्वामित्व २६

४.२.३ वार्षिक आय २७

४.२.४ खाद्यान्नको उपलब्धता र पहुँच २८

४.३ सार्की जातिको शैक्षिक अवस्था २८

४.३.१ विद्यालयमा पहुँच २९

४.३.२ शैक्षिक योग्याता र स्तरको आधारमा २९

४.३.३ शिक्षाले ल्याएको परिवर्तन ३०

४.३.४ शिक्षाले सामाजिक सम्बन्धमा ल्याएको परिवर्तन ३१

४.३.५ शिक्षाले सामाजिक व्यवहारमा ल्याएको परिवर्तन ३२

४.४ दलित र अन्यजाति बीचको सम्बन्ध ३३

४.४.१ ब्राम्हण र सार्की बीच सम्बन्ध ३३

४.४.२ क्षेत्री र सार्की बीचको सम्बन्ध ३४

४.४.३ नेवार र सार्की बीचको सम्बन्ध ३४
४.५ सामाजिक संघ संस्थासंग सार्की जातिको सम्बन्ध ३४
४.५.१ नागरिक सचेतना केन्द्र ३५
४.५.२ एल.जि.पी. कार्यक्रम ३५
४.५.३ दलित महिला संघ ३५
४.६ सार्की जातिमा जातिय भेदभाव तथा छुवाछुतले सामाजिक जीवनमा पारेका असरहरुः ३५

**अध्याय-पाँचः सारांश, निष्कर्ष** **३७-४२**
५.१ सारांश ३७
५.२ निष्कर्ष ४१
**सन्दर्भ सामाग्री** **४३-४५**
**अन्तरवार्ता अनुसूची** **४६-४९**

# तालिका सूची


| तालिका नं. | शीर्षक | पृष्ठ |
|---|---|---|
| ४.१.१ | उमेर समूहको आधारमा उत्तरदाताको विवरण | १७ |
| ४.१.२ | लिङ्गको अवस्थाको आधारमा उत्तरदाताको विवरवण | १८ |
| ४.१.३ | विवाहको उमेरको आधारमा उत्तरदाताको विवरण | १९ |
| ४.१.४ | विवाहको प्रकारको आधारमा उत्तरदाताको विवरण | १९ |
| ४.१.५ | परिवारको किसिमको आधारमा उत्तरदाताको विवरण | २० |
| ४.१.६ | जातीय विभेदको आधारमा उत्तरदाताको विवरण | २१ |
| ४.१.७ | चाडपर्वको आधारमा उत्तरदाताको विवरण | २२ |
| ४.१.८ | धर्मको आधारमा उत्तर दाताको विवरण | २३ |
| ४.१.९ | स्वास्थ्यका आधारमा उत्तरदाताको विवरण | २४ |
| ४.२.१ | पेशागत आधारमा उत्तरदाताको विवरण | २५ |
| ४.२.२ | भू-स्वामित्वको आधारमा उत्तरदाताको विवरण | २६ |
| ४.२.३ | वार्षिक आयको आधारमा उत्तरदाताको विवरण | २७ |
| ४.२.४ | सार्की परिवारको खाद्यान्नको आधारमा उत्तरदाताको विवरण | २८ |
| ४.३.१ | विद्यालयमा पहुँचको आधारमा उत्तरदाताको विवरण | २९ |
| ४.३.२ | शिक्षाको स्तरको आधारमा उत्तरदाताको विवरण | ३० |
| ४.३.३ | शिक्षाले ल्याएको परिवर्तनका आधारमा उत्तरदाताको विवरण | ३१ |
| ४.३.४ | शिक्षाले सामाजिक सम्बन्धमा ल्याएको परिवर्तन | ३१ |
| ४.३.५ | शिक्षाले व्यवहारमा ल्याएको परिवर्तनको आधारमा उत्तरदाताको विवरण | ३२ |

# अध्याय एक

# परिचय

## १.१. अध्ययनको परिचय

जात सामाजिक परिवेशमा अरु समुहहरुको तुलनामा उच तथा निचको स्थान ओगट्ने जातजातिय इकाइको एक वंशसँग संवन्धित कुल वा गोत्रहरुको उपसमुहहरु नै जात हो (शर्मा, २०५५) ।

जातिको परिवार र परिवारहरूको संकलनको रूपमा दिन सकिन्छ जसको एक सामानय नाम जो सामान्य विशिष्ट व्यवसाय व्यक्त गर्दछ जो इश्वरबाट आफ्नो उत्पत्ति भएको दावि गर्दछ जो एक निश्चित व्यवसायिक कार्य गर्न स्विकृत दिन्छ र सजातिय समुदायको विकास मत अभिव्यक्त गर्दत भने त्यसलाई जाति भनिन्छ (आचार्य, २०६७) ।

जात एक सामाजिक वर्ग हो, जसको सदस्यहरुलाई सामाजिक श्रेणीमा एक स्थायी स्थान प्रदान गरिन्छ र जसको सम्पर्कहरू स्थान अनुसार प्रतिवन्धित हुन्छ (शर्मा, २०५५) ।

जाति व्यवस्था समग्र विशेषताहरुलाई समावेश गराइएको छ । यो परिभाषा विस्तृत र पूर्ण मानिन्छ (आचार्य, २०६७) ।

नेपालमा जात व्यवस्थाको उत्पत्ती ई.स. १७१-२०० बीचमा भारतको वैशालीबाट लिच्छवीहरु नेपाल प्रवेश गरे र उनीहरू जात र वर्ण व्यवस्थामा भारत हुंदा नै प्रशिक्षित थिए । जात र वर्ण व्यवस्था लिएर नेपाल प्रवेश गरेका लिच्छवीहरूले नेपालमा राज्य संचालन गरिरहेका किराँतको मुख्य शासकहरुलाई आक्रमण गरी राज्य लिन सफल भए । राज्य संचालन सुरुवातमा नै लिच्छवीहरूले ४ वर्ण १८ जातमा विभाजन गरे । विस्तारै जनसङख्या वृद्धि हुन थाल्यो र ई.स. ८७९ सम्म आइपुग्दा मल्ल कालको सुरुवात भयो । ई.स. १३०५ मा जयस्थिति मल्लले राज्य संचालन गरे र उनले नेपाली समाजलाई कामको आधारमा ४ वर्ण ६४ जातमा विभाजन गरी श्रम व्यवस्थापन गरे । ब्राह्मण, क्षेत्री, वैश्य, शुद्र चार वर्णमा विभाजन गरे । ब्राह्मणले राज्य संचालन पूजा पाठ, दान गर्ने, क्षेत्रीले राज्यको संरक्षण गर्ने, वैश्यले व्यापार व्यावसाय गर्ने र शुद्रले माथिल्लो जातको सेवा गर्ने भन्ने गरी विभाजन गरे । जयस्थिति मल्लले कामको आधारमा जातको विभाजन गरे लगतै जाती व्यवस्थाको सुरुवाती भएको पाइन्छ (उपाध्याय, २०७६) ।

राम शाहले (ई १६०६-३६) जातीय व्यवस्थालाई समय अनुकुल हुने गरी ४ वर्ण ३६ जातमा वर्गीकरण गरी जातजाति र छुवाछुत प्रथालाई सामाजिक नियम कानुनको रूपमा लागु गराए । पृथ्वीनारायण शाहले नेपाल एकीकरण संगसंगै छुवाछुतमा आधारित एक हिन्दु राज्यको अवधारणा विकास गरे । राजा सुरेन्द्रविक्रम शाहको पालमा जंगबहादुर राणाद्वारा लिखित पहिलो मुलुकी ऐन १९१० लागु गरे पछि नेपालमा जातीय वर्गीकरण गरिएको पाइन्छ । जुन वर्ण व्यवस्था निम्न प्रकारको छ (घिमिरे २०५६) ।

१. तागाधारी (जनै लगाउने):

उपाध्याय बाहुन, बाहुन ठकुरी क्षेत्री, राजोपाध्याय (देउभाजू) नेवारहरू, इन्डियन ब्राम्हण, जैशी ब्राम्हण, उच्च श्रेष्ठ समुह र जोशी नेवार ।

२. मतवाली (जाँड रक्सी सेवन गर्ने):

(क) मासिने मतवालीः भोटे, चेपाङ्ग, कुमाल, हायु, थारु, घर्ती आदि

(क) नमासिने मतवालीः गुरुङ्ग, मगर, सुनवार, तामाङ अन्य केही नेवार जातहरू

३. दलित (अछुत)

१. पानी नचल्ने छोइछिटो हाल्नु नपर्ने ।

खड्की, कपाली, रजक, चर्मकार, मुस्लिम, कुलु, मधेसी, तेली र पश्चिमीहरू ।

२. पानी नचल्ने छोइछिटो हाल्नु पर्नेः

कामी, सुनार, सार्की दमाई, वादी, गन्दर्व, च्यामे पोडे ।

वि.सं. १९१० को मुलुकी ऐनले जाती व्यवस्थालाई थप बलियो बनायो । नेपाली समाजलाई चार तहमा विभाजन गरी, तत् अनुसार कार्य विभाजन गरियो । जस अनुसार ब्राह्मणले काम पूजापाठ गर्ने, राज्य संचालन गर्ने, क्षेत्रीले राज्यको संरक्षण गर्नु, वैश्यले व्यापार व्यवसाय गर्ने, शुद्रले आफू भन्दा माथिका जातको सेवा गर्नु रह्यो । जात अनुसार दण्ड सजायमा समेत घटीबढी हुने व्यवस्था गर्यो ।  तत्कालीन शासकहरूले धर्मशास्त्रमा आधारित भएर मानिसहरूलाई नै पानी चल्ने र पानी नचल्ने जातहरूलाई दलित शब्दबाट सम्बोधन गर्न थालियो । दलित वर्गमा पहाडमा दमाई, कामी, सार्की, गाइने, पोडे, च्यामे आदि जातिलाई दलित वर्गमा परिणत गर्न थालियो । तराईमा लोहार, चमार, डोम, कडरा, मुसहर,

आदिलाई दलितको रूपमा परिभाषित गरियो (राष्ट्रिय दलित आयोग, २०६०) । वि.सं. २०२० मा १९१० को पुरानो मुलुकी ऐनलाई विस्थापित गरी नयाँ मुलुकी ऐन लागु गरियो । जसमा जातपात, छुवाछुत भेदभावलाई हटाईने व्यवस्था गरियो । तर पूर्ण रुपमा लागु हुन सकेन । नेपालको अन्तरिम संविधान २०६३ ले सबै नागरिकलाई समान रूपले हेरेको छ । धर्म, जात, वर्णको आधारमा कसै माथि पनि छुवाछुत र भेदभाव गर्न नपाइने भनिएको छ । नेपालको संविधान २०७२ छुवाछुत तथा भेदभाव विरुद्धको हकमा छुवाछुत तथा भेदभावजन्य कार्य गम्भीर सामाजिक अपराधका रुपमा कानुन बमोजिम दण्डनिय हुनेछन् र त्यस्तो कार्यबाट पीडित व्यक्तिलाई कानुन बमोजिम क्षतिपूर्ति पाउने हक छ । त्यो कानुनमा मात्रै सीमित छ ( के.शी, २०६०) ।

सार्की जाति नेपालको आदिवासी जाति हो । सार्की जाति कहिले देखि नेपालमा बसोबास गर्न थालेका हुन त्यसबारे एकिन छैन । देशका मुख्यतया पहाडी भागमा बसोबास गर्दै आएका छन् । तागाधारी जातिको आसपासमा बसोबास गर्दछन (विष्ट, १९९४) । त्यस्तै बसोबास स्थान कै बारेमा अझ प्रकाश पार्दै सार्की, मिजार र चर्मकार भनेर यस जातिलाई चिनिन्छ । यस जाति नेपालको पूर्वी क्षेत्रमा बढी पाइन्छन् (इन्सेक, २०५३) । सार्की जातिलाई अछुत मानिने हुँदा यिनीहरूलाई सामाजिक हैसियत तल्लो स्थानको छ जसले गर्दा अन्य तागाधारी र मतवाली जातिले यस जातलाई तल्लो स्तरको व्यवहार गर्दछ (म्याक्डोनाइड, 1975) ।

सार्की जातिसंग कृषि कार्यको लागि कम जग्गा भएका कारण अरुको अधिया जमिन कमाउन पर्ने बाध्यता छ । बाध्यताको कारण आधा अन्न जग्गा धनीलाई नै दिनु पर्ने बाध्यताले गर्दा, जति उत्पादन गरे पनि प्रायलाई वर्ष दिन खान पुग्दैन (गिरी, २०५७) । सार्की जाति शिक्षा चेतना स्वस्थ्य जस्ता सुविधाबाट टाढा भएका कारणले यिनीहरू परम्परावादी र समस्या ग्रस्त देखिनुको साथै यो जातिको ठुलो हिस्सा कृषिमा संलग्न भए पनि त्यस उत्पादनले उनिहरूलाई दुई छाक टार्न मुस्किल छ (काफ्ले, २०५५) । जातीय तथा आर्थिक स्तरीकरणको संरचना र आवश्यक पोषणको अभावले गर्दा सार्की जातिको अवस्था दयनीय हुनुको साथै विभिन्न रोगले आक्रमण गरेको पाईन्छ (क्यापलान, 1972) । सार्की जाती आफ्नो हात अनुसारको परम्परागत पेशा जुत्ता सिलाउने काममा केहि परिवारले निरन्तरता दिए पनि उद्योगबाट बनेका जुत्ता राम्रा र सजिला हुनाले

परम्परागत सीपबाट बनेका जुत्ता प्रति समाजमा रहेका अन्य व्यक्तिले हेयको भावले हेर्ने हुंदा धेरै परिवारले निरन्तरता दिन सकेका छैनन् (शिवाकोटी, २०६१) । त्यस्तै गरि परम्परागत छालाको जुत्ता बनाउने र छाला सम्बन्धी काम गर्ने पेशा हाल विकसित समाजमा आएको आर्थिक तथा सामाजिक परिवतर्नको कारण अत्यन्त अव्याबहारिक साबित भएको छ । कृषि क्षेत्रका भन्दा पनि छालाको काम गर्ने सार्कीहरूको आर्थिक अवस्था कमजोर भएका कारण यो जाति पछाडि परेको हो (पाण्डे, २०६१) ।

नेपाल सरकार समाज कल्याण मन्त्रालय (२०४४) को प्रतिवेदन अनुसार नेपाली समाजका लागि आवश्यक जाति हुन । यो जाति पेशागत जाति अन्तर्गत पर्छन् । सार्की जाति सामाजिक हैसियत तल रहेको छ । सामाजिक भेदभावकै कारण तल्लो जाति भनि हेयको भावले हेरिन्छ । हाम्रो समाजमा छोइछिटो जस्तो कुसंस्कार अझै पनि कायमै छ । सार्की जातिको स्वामित्वमा नाम मात्रको जग्गा जमिन भएकाले जीवन धान्न अति कष्टकर भएको छ भने परम्परागत पेशालाई अंगाल्दा पनि औद्योगिककरणका कारण उनीहरूद्वारा उत्पादित सामान भने सस्तो र राम्रा समेत भएकोले यो जाति संकटमा परेको छ । यसले गर्दा दलित वर्गमा पर्ने सार्की जातिलाई जीवन धान्न धौ-धौ परेको देखिन्छ । (थापा, २०५८) । वि.सं. २०६८ को जनगणना अनुसार नेपालको जनसङ्ख्या २,६,४,९,४,५०४ मध्ये पुरष १,२८,४९,०४१ र महिला १,३६,४५,४६३ (के.त.वि, २०६८) नेपालमा बसोबास गर्ने सार्कीहरूको जनसङ्ख्या ३,७४,८१६ रहेको देखिन्छ जसमा पुरुष १,७२,४३८ र महिला २,०२,३७८ (के.त.वि. २०६८) । नेपालमा बसोबास गर्नेहरू विशेषतः आर्यन र मंगोलियन मानव प्रजातिका भए पनि अन्य जातिको पनि बाहुल्यता पाइन्छ । २०६८ को जनगणनाले नेपालमा १२५ जातजाति रहेको जनाएको छ । जहाँ क्षेत्री सबैभन्दाबढि भएको जाति (१६.६%), त्यसैगरी ब्राम्हण (१२.२%), मगर (७.१%) थारु (६.६%), तामाङ (५.८%), नेवार (५.०%), कामी (४.८%), मुसलमान (४.४%) यादव (४.०%), राई
(२.३%) र सार्की (१.४१%), क्रमाङगत रुपमा सार्की जाति १५ औं स्थानमा रहेको छ (के.त.बि, २०६८) ।

उल्लेखित सामाग्रीबाट स्पष्ट हुन्छ की नेपालका अछुत जातिका मानिसहरूले सामाजिक आर्थिक पिडाहरू भोग्दै आएका छन् र उत्पीडनको चपेटामा परिरहेका छन्। दलित जाति दोस्रो दर्जाको नागरिकको रूपमा समाजमा हिनता बोकेर बाँचिरहेका भएता पनि सार्की

जाती समाज वा राष्ट्रको एकता र बहुजातिको भावनालाई विथोल्ने कुनै किसिमको क्रियाकलाप गर्दैनन ।

## १.२ समस्याको कथन

नेपाल एउटा विविध जातजाति र संस्कृति भएको देश हो जहाँ विविध भाषा, रितिरिवाज र संस्कृति शुरुदेखि नै रहदै आएको छ । भाषा, संस्कृति र रितिरिवाजबाट नेपाली समाजको निमार्ण भएको छ । सोही क्रमको बीचमा दलित समुदायलाई सामाजिक, राजनैतिक, आर्थिक र शैक्षिक रुपमा बन्चित र पछाडि पारिएको छ । दलित समुदायभित्र २६ वटा जात रहेका छ तीमध्ये २ भागमा विभाजित छन् तराई दलित र पहाड दलित । विविध जातिको थलो मानिएको नेपालमा सबैभन्दा हेपिएका र पानी नचल्ने भनिएको तल्ला र विपन्न वर्गमा दलित समुदाय पर्दछ । आजको परिवर्तनशील विश्वमा मानवीय मूल्यमान्यता र कानुनी रुपमा जातीय विभेद रहिरहेको छ । नेपालमा जातीय भेदभाव अन्त्यको लागि २०२० को मुलुकी ऐन अदालती बन्दोबस्तको १० को महलले जात धर्म संस्कृतिको नाममा विभेद गर्न नपाइने व्यवस्था उल्लेख छ । संविधान २०४७, जातीय भेदभाव तथा छुवाछुत कसुर र सजाय ऐन २०६८, नेपालको संविधान २०७२ धारा २४ मौलिक हक, छुवाछुत भेदभाव विरुद्धः हक (१), (२), (३), (४) र (५), मुलकी ऐन अदालतको १०० (क) (राष्ट्रिय दलित आयोगः दलित सम्बन्धी कानुनी प्रावधानहरूको संगालो पुष्ट ३ र ४) धारा २ नागरिक तथा राजनीतिक अधिकार विषयक संयुक्त राष्ट्र संघीय अनुबन्ध (१९९६), अन्तराष्ट्रिय महासन्धि- सबै प्रकारका जातीय भेदभाव उन्मुलनको अन्तराष्ट्रिय महासन्धी १(१) परिशिष्ट (ग) मा जातीय विभेदलाई निराकरण गर्ने व्यवस्था रहेको छ। नेपाल पनि त्यो महासन्धीको पक्ष राष्ट्र पनि रहेको छ। तर पनि व्यवहारिक रुपमा पूर्ण रुपमा कार्यन्वयन हुन सकेको छैन । दलित जातिको अवस्थाको कुरा गर्दा सबै कागजी पानामा मात्र सिमित देखिन्छ । सार्की जातिको सामाजिक, आर्थिक अवस्था दयनिय रहेको छ । उनीहरूको छोराछोरीले पनि त्यसरी नै जाला मजदुरी गरेर जिवन बिताइरहेका छन् । दलित जातिमा बढी मादक पदार्थ सेवन गर्ने हुंदा जसको कारण कम उमेरमै मृत्यु हुने देखिन्छ (उपाध्याय, २०६०) ।

प्रस्तुत अध्ययनको लागि निम्नानुसारका अनुसन्धनात्मक प्रश्नहरू उठान गरिएको छ ।

(क) सार्की जातिको सामाजिक, आर्थिक अवस्था कस्तो रहेको छ ?

(ख) सार्की जाति र अन्य जातिको सामाजिक सम्बन्ध र असर कस्तो रहेको छ ?

(ग) सार्की जातिको शैक्षिक क्षेत्रमा पहुँच कस्तो रहेको छ ?

## १.३ अध्ययनको उद्देश्य

प्रस्तुत अध्ययनको उद्देश्यहरू निम्न रहेका छन् ।

(क) सार्की जातिको सामाजिक, आर्थिक तथा शैक्षिक अवस्थाको अध्ययन गर्ने ।

(ख) सार्की जाति र अन्य जातिको सामाजिक सम्बन्ध र असरको अध्ययन गर्न ।

## १.४ अध्ययनको महत्व

प्रस्तुत शोधमा सार्की जाति परमपरागत रूपमा दलित, अछुत पानी नचल्ने छोइछिटो हाल्नुपर्ने सार्की जातिको सामाजिक आर्थिक तथा शैक्षिक स्थितिको बारेमा विश्वाशनिय रूपमा अध्ययन गरिने हुँदा झनै महतवपूर्ण हुन सक्छ। आफ्नो मुल्य मान्यतामा हुर्किएको कुनै दलित समुदाय अगाडि आउन सफल भएका छन् भने कुनै देशको कुना कन्दरामा उपेक्षित अवस्थामा रहेका छन् । अपहेलित उपेक्षित र पिछडिएका दलित जातिहरु मध्यमा पनि सार्की जातिको जीवनशैली सामाजिक परिवर्तनका कारक तत्वहरु आधुनिकीकरण, शहरीकरण, यातायात, शिक्षा आदिले उनीहरुको पेशामा परिवर्तन ल्याएको छ । प्रस्तुत अध्ययनमा सार्की जातिको सामाजिक, आर्थिक र शैक्षिक पक्षलाई विभिन्न विधिबाट तथ्याङ्क सहितको विश्लेषण र प्रस्तुतिकरण गरिएको छ त्यसैले यो विश्वाशनिय छ र प्रस्तुत अध्यायनबाट सार्कीजातिको बारेमा वृतान्त जानकारी साथै उनीहरुको शैक्षिक पेशागत अवस्थाको बारेमा जानकरी उपलब्ध गराउने छ। प्रस्तुत अध्ययनले सार्की जातिको ३ वटा पक्षको अध्ययन गरिएको पाइन्छ । सार्की जाति परम्परागत पेशालाई पूर्व अवस्थाबाट माथि उठान वा उत्थानको लागि पनि निकै सहयोगी भूमिका खेल्ने छ । यस विषयमा अधययन गर्न चाहने पछिल्ला पिढीहरुलाई थोरै भए पनि यस अध्ययनमा सहयोग पुग्नुका साथै समाजशास्त्र विषयको अध्ययन गर्ने जो कोहीलाई पनि सहयोग पुग्ने छ ।

## १.५ अध्ययनका सीमाहरू

जुनसुकै विषयको अध्ययनको शिलशिलामा विभिन्न प्रकारका धारणगत सिमाहरूको आधारमा अध्ययनलाई सिमाबद्ध गर्नुपर्ने आवश्यकता हुन्छ । अनुसन्धान कार्य भनेको कुनैपनि एउटा निश्चित अवस्थामा गरिएको कार्य हो । यसको व्याख्या र परिणाम पनि त्यही अवस्थामा सामान्यीकरण हुन सक्छ । साथै अध्ययन पद्धति अनुरुप बनाइएको योजना जस्तो प्रकारको हुन्छ, त्यसको कार्य सम्पादन र प्राप्त हुने परिणामहरू पनि सोही अनुरुप हुन्छन् । प्रस्तुत शोधमा विश्वविद्यालय मानविकी संकाय अन्तर्गत समाजशास्त्र विषयको स्तानकोत्तर तहको उपाधि प्राप्तको लागि तयार गर्न लागेको हुदां नेपालभरी छरिएर रहेका सम्पूर्ण दलित समुदायमा गई अध्ययन गर्न समय लाग्ने र बजेटको पनि आवश्यकता धेरे पर्ने भएको हुँदा एउटा विद्यार्थीको हैसियतले यसलाई ठूलो क्षेत्रमा लिन असम्भव छ । त्यसकारण अध्ययन क्षेत्रको रुपमा ललितपुर जिल्लाको महालक्ष्मी नगरपालिका वडा नं. ५ मा रहेका सार्की जातिमा सीमित गरिएको छ ।

# अध्याय दुई

# पूर्व साहित्यको अध्ययन

## २.१ सैद्धान्तिक समिक्षा

नेपाल एक बहुजातीय र बहुभाषिक राष्ट्र हो । नेपालमा हाल १२५ जातजाति, १२३ भाषाभाषी बसोबास गर्दछन् । प्रमुख दश जातिमा क्रमशः क्षेत्री, ब्राह्मण, मगर, थारु, तामाङ्ग, नेवार, कामी, मुसलमान, यादव र राई रहेका छन् (के.त.वि, २०६८) । दलित विषयलाई लिएर अनुसन्धानकर्ताहरूले विभिन्न अनुसन्धान गरेका छन् । वि.सं. २००७ भन्दा अगाडि नेपालमा जातीय अध्ययन गरेको त्यति पाइदैन पछिल्लो समयमा भने नेपाली तथा विदेशी विद्वानहरूले खोज अनुसन्धान गरेका छन् । विदेशी विद्वानहरूले जाति र जातीय विभेदको बारेमा आफ्नो भनाईहरू पनि आफ्नो पुस्तकहरूमा राखेका छन् त्यसैगरी नेपाली विद्वानहरूले पनि समाज, वर्णव्यवस्था र जातीय विभेदको बारेमा बेला-बेलामा पुस्तक र प्रतिवेदन पनि प्रकाशित गरेका छन् । ती विद्वानहरूको भनाई, पुस्तक र प्रतिवेदन यस अध्ययनमा उल्लेखीय भुमिका हुने भएकाले यहाँ चर्चा गर्न खोजिएको छ (के.शी, २०६०) ।

प्राथमिक जोड जातीय क्रियाकलापहरू र मुलुकी ऐनको कानुनी धाराहरूमा व्यक्त गरिएको अन्तरजातीय सम्बन्धमा विभिन्न अवस्थाहरू यसमा अध्ययन गरिएको छ (पोखरेल, २००४) । समाज दुई तहमा सुविधामा तथा वर्ग आर्थिक व्यवस्थामा आधारित हुन्छ, नश्ल, वर्ग र जातजाति हैसियत पर्दछन् भने जमिनदारी सामाजिक वर्गमा पर्दछ (आचार्य, २०६७) । समाजमा विभिन्न इकाईहरू हुन्छन् यी इकाईहरूले समाजमा सदस्यहरूको आवश्यकता पूर्ति गर्दा समाजको अस्तित्वलाई निरन्तरता दिइरहेका हुन्छन् । दुर्खिमले श्रम विभाजनको प्रकार्यलाई उल्लेख गरेका छन् । श्रम विभाजनले नैतिक गतिविधिको रुपमाम लिएको पाइन्छ । नैतिक गतिविधिले समाजको सदस्यहरूमा एकता ल्याउनका साथै प्रेम र सहानुभूति ल्याउछ । श्रम विभाजनले पनि नैतिकताले जस्तै कार्य सम्पादन गर्दछ । त्यसकारण श्रम विभाजनको पनि नैतिकताको जस्तै प्रकार्य हुन्छ । श्रम विभाजनले सामाजिक आवश्यकताहरू कुरा गर्दछ । समाजमा एकता कायम गर्ने चेतनालाई श्रम विभाजनले प्रकाश पार्छ भनेर समाजमा हुने श्रम विभाजनमा प्रकार्य हुन्छ भनेका छन् (आचार्य, २०६७) ।

१९१० को मुलकी ऐनको विश्लेषणात्मक अध्ययन गर्दै ऐतिहासिक रुपले नेपाली दलित जाति अवस्था र जातीयस्तरको बारेमा स्पष्ट उल्लेख गरेका छन् यिनीहरू धेरैजसोले आधा पेट खाने र सामाजिक रुपमा दयनीय जीवन विताइरहेको उल्लेख गरेका छन् अर्कोतर्फ यिनीहरू प्रमुख रुपले थकाली, मगर, नेवार लगायत अन्य जाति तथा जनजनतिहरूमा हिन्दुकृत रुपमा देखा परेको पनि उल्लेख छ (शर्मा, १९७०) ।

म्याक्स वेबर सामाजिक वर्गहरू व्यक्तिहरूका समपूर्णता हुन् जोसँग वस्तुहरू प्राप्त गर्ने समान अवसर र जीवनमा प्रस्तुत स्तर उस्तै हुन्छ । वर्ग एउटा हैसियत समूह हो । शक्ति र हैसियतलाई आर्थिक तत्वले निर्धारण गर्छ भनेका छन् । कार्लमाक्सका अनुसार समामजमा दुईवटा वर्गमा विभाजन हुन्छ र तिनीहरूकै बीचमा तीव्र संघर्ष रहन्छ । ती मध्ये एक वर्ग शासक र अर्को वर्ग शोषित पिडित हुन्छ । प्रभुत्वशाली वर्गको हातमा सम्पूर्ण उत्पादनको साधनको स्वामितव हुन्छ अर्को वर्ग, श्रम र पसिना बगाउछ । वर्ग विभाजन अथवा स्तरीकरण नै आर्थिक व्यवस्था वर्ग संघर्षको मुख्य कारक तत्व हो (आचार्य, २०६७) । नेपालमा अछुत जाति विशेष गरी माथिल्लो जाति भनाउँदा ब्राह्मण अर्थात पण्डितहरूले हेय भावले हेर्ने प्रथा यथावत रहेको त्यसकारण उच्च जातिको दमनबाट मुक्ति पाउनको लागि ती अछुतहरूले अछुत जातीय आन्दोलन गरे । विशेष गरी यो आन्दोलन बाग्लुङ्ग जिल्लाको मूलपानी गाउँ विकास समितिबाट शुरु गरिएको थियो (बराइली, १९८३) ।

वर्ण व्यवस्थाको कुरा गर्दा मनुस्मृतिमा मनुले ४ वर्णको कार्य विभाजन बारे उल्लेख गरेका छन् । जसअनुसार ब्राह्मणले वेद पढ्नु, पढाउनु, दान लिनु दिनु, यज्ञ गर्नु गराउनु, क्षेत्रीले प्रजाको रक्षा गर्नु, वैश्यले वाणिज्य व्यवसाय तथा कृषि कार्य गर्नु शुद्रले आफु भन्दा माथिको तीनवटै वर्गको सेवा गर्नु भनिएको हुँदा यसैको आधारमा जातीय विभेद गरेको पाइन्छ । जातीय विभेदलाई कानुनी रुपमा जंगबहादुर राणाले मुलकी ऐन १९१० तयार पारी नेपाली समुदायलाई पानी चल्ने र पानी नचल्ने गरी दुईवटा जातमा वैधानिकता दिएको थियो भन्ने कुरा उल्लेख गरेका छन् (विश्वकर्मा, २०६८) । छुवाछुत सहितको वर्ण व्यवस्थालाई व्यवस्थित पार्ने क्रममा शासक वर्गले  शोषित वर्गलाई अपमानित गर्दै शुद्र, अछुत, पानी अचल, कुजात आदि नाम दिए । ती अपमानजक शब्दहरू अझै पनि नेपालको विभिन्न भागमा पाईन्छ ( आहुति, २०६७) । नेपालमा वर्ण व्यवस्थाको शुरुवात कहिलेदेखि भयो, नेपालमा यो व्यवस्था कहिलेदेखि भित्रियो र निरन्तर अहिलेसम्म आयो । नेपालका दलितको अवस्था अहिले कस्तो

छ, दलितको समुदायमा सहभागिता कस्तो छ, दलित आन्दोलन कसरी अगाडि बढेको छ, अब छुवाछुत र विभेद अन्तय गर्न के गर्नुपर्छ भन्ने कुरा विस्तुत लेखेका छन् । नेपालमा वर्णवस्था र वर्ग संघर्ष (आहुति, २०१०) । दलित समुदायको सामाजिक, राजनैतिक र आर्थिक अवस्थाको बारेमा समनता फाण्डेशनले विगत १० वर्षदेखि अध्ययन अनुसन्धान गर्दै आएको छ । समता फाउनडेशनले दलित र गैरदलित लेखकहरूद्वारा दलित समुदायको बारेमा अध्ययन गरी पुस्तक प्रकाशित गरेको छ । "दलित सौन्दर्य बोध", नेपालमा वर्ण व्यवस्था र वर्ग संघर्ष", संघर्षमा सभासदः संविधानसभामा दलित अधिकार", "सत्ता विमर्श र दलित दृष्टिकोण विवेचना", "डोम समुदायको पहिचान, बदलिदो जीवनशैली", आदि दलित सम्बन्धी पुस्तक प्रकाशित गरेको ( अम्बेडकर, १९२७) ।

मार्क्सवाद दलित र विशेष अधिकारमा मार्क्समवाद दर्शन र राजनीतिक अर्थशास्त्र र वैज्ञानिक समाजशास्त्र जस्ता तीन संघ टकमा रहदै दलित उत्पिडीत जनताको सामाजिक परिवर्तनको सिद्धान्त भएको र अतितलाई द्वन्द्ववादी ढंगले अध्ययन गर्न वर्तमानलाई राम्रोसँग बुझ्न र उज्जवल भविष्यवाणी गर्न मजदुर किसान र दलित समुदायको लागि शक्तिशाली वैचारिक सैद्धान्तिक हतियार हो भनेका छ (परियार, २०६८) । छुवाछुत तथा विभेद विरुद्ध दलितहरूले गरेको आन्दोलनलाई दस्तावेजीकरण गर्ने काम "दलनविरुद्ध प्रतिरोध, नेपाली दलितहरूको संघर्षगाथा" (२०७०) मा गरिएको छ् । पुस्तकमा विभिन्न दलित क्षेत्रमा काम गर्ने व्यक्तित्वहरूद्वारा सामाजिक परिवर्तनको लागि संघर्ष र दलितको एकताको अपरिहार्यतालाई पुस्तकमा पुष्टि गरेका छन् (किसान, २०६७) । दलित समुदाय राज्यको निकायमा समावेशीकरण र नेपाल र भारतमा भएको आरक्षण नीतिको बारेमा, दलितको लागि कुन क्षेत्रमा कस्तो समावेशी हुनुपर्छ भन्ने कुरा उल्लेख गरिएको छ । जुन विषय अहिलेको समयमा अनिवार्य देखिन्छ । दलित समुदायलाई समान तहमा पुऱ्याउनका लागि यो समावेशीकरण पनि एउटा अनिवार्य व्यवस्था हो । पुस्तकहरूमा दलित समुदायको उत्पति विकास, समाजमा जातीय विभेदको शुरुवात, समाजमा विभेदको अवस्था, दलितको सामाजिक, आर्थिक र शैक्षिक अवस्था, दलितहरूले समाजको लागि गरेको योगदानको बारेमा समग्र अध्ययन गरेको छ तर समाजमा दलितको सामाजिक, आीर्थक र शैक्षिक अवस्थाको बारेमा पहिलाको भन्दा अहिलेको अवस्थजा कस्तो छ ? उनीहरू के के कारणले गर्दा सामाजिक, आर्थिक र शैक्षिक क्षेत्रमा पछि परे भनेर खोजमूलक अनुसन्धान गरेको पाइदैन । दलित

शब्दलाई यसरी परिभाषित गरेका छनः हिन्दू समाजमा वर्णव्यवसथाको अवधारणा अर्न्तगत परम्परादेखि “अछुत” बनाई “पानी नचल्ने” भनिएका विभिन्न जातलाई नै “दलित जाति” सम्बोधन गर्ने परम्परा बसिकेको छ । वास्तवमा “दलित” कुनै जाति होइन । विभिन्न जातहरूको समुच्च समुदाय मात्र हो । “दलित” शब्दको प्रचलित अर्थ “हेपिएका” “पिसिएको”, “दलिएको” र “हरिजन” भन्ने रहेपनि वर्तमानमा यसको अर्थ त्यति मात्रै सीमित छैन । हिन्दु समाजमा “अछुत” लाई “दलित” सम्बोधन गर्ने काम सन् १९२७ पछि भारतमा प्रसिद्ध नेता डा. भिमराव अम्बेडकरले गरेका थिए (परिवारः २०१४ पृष्ठ ३) ।

## २.२ पुर्व अध्ययनको समिक्षा र प्रस्तुती

सङ्खुवासभा जिल्ला मादी रोग्वेनी गा.वि.स. का प्राथमिक विद्यालयका सार्की बालबालिकाको शिक्षामा सहभागिता र अध्ययन शीर्षक नामक शोधपत्रमा छात्र छात्रा मध्ये छात्रको सहभागिता बढी रहेको, सार्की भन्दा गैर सार्की विद्यार्थीहरूको सहभागिता बढी देखिएको कुरा उल्लेख गरिएको पाइन्छ (दाहाल, २०६०) ।

कास्की जिल्लाको लामाचौर गा.वि.स.का सार्की जातिको सामाजिक, आर्थिक र प्राथमिक तथा निम्न माध्यमिक शिक्षामा यसको प्रभाव एक अध्यनात्मक शोधपत्रमा साक्षर बाबुआमाको बालबालिकाको उत्तीर्ण दर बढी (६१.८ प्रतिशत) र निरक्षर बाबुआमाको बालबालिकाको उत्तीर्ण दर कम (५५.३ प्रतिशत) देखाइएको छ । त्यसै गरी जति बढी आय स्तर भएको घर परिवार छ (लामिछाने, २०६३) ।

तनहुँ जिल्लाको खैरेनीटार गा.वि.स. का प्राथमिक विद्यालयमा सार्की जातिको शैक्षिक अवस्थाको विश्लेषण अध्ययनले सार्कीको शैक्षिक उपलब्धि र सहभागिता कम रहेको देखाइएको छ । घरको पारिवारिक वातवारण, आर्थिक स्थिति आदि कारणले बालबालिकाहरु नियमित रूपमा विद्यालय सहभागी नभएको रहेछ । उपस्थिति भएकाहरुमा पनि कापी कलम, पाठ्यपुस्तकको अभाव रहेको, सार्कीहरूको शैक्षिक स्थिति खस्कदै गएको, उनीहरुको उपलबिध ज्यादै कम भएको कक्षा उत्तीर्ण दर ज्यादै कम रहेको पाइन्छ (ढकाल, २०६१) ।

लिखित सार्की शिक्षा प्रतिको चिन्तनु भन्नेलेख अनुसार “सार्कीहरू अत्यन्तै पिछडिएको र न्यून जीवन स्तर जिउन बाध्य छन् । उनीहरुलाई हरेक कुराबाट पछि पारिएको छ । वर्ण व्यवस्था अनुसार सार्की वर्ग कमजोर पेशाको श्रमिक मानिएको पाइन्छ (कोइराला, २०६३) ।

जातयि भेदभाव र छुवाछुत विरुद्धको हक सम्बन्धी व्यवस्था गरिएको र उक्त धाराको उपधारा १ मा कुनै पनि पनि जात, वंश, समुदाय वा पेशाको आधारमा कुनै पनि किसिमको भेदभाव पक्षपात गरिने छैन भनी प्रष्ट व्यवस्था छ । त्यस्तै सोही भाग अन्तर्गत धारा १७ मा शिक्षा तथा संस्कृति सम्बन्धी हकको स्पष्ट व्यवस्था गरेको पाइन्छ। प्रत्येक नागरिकले राज्यबाट मा.वि.स. तहसम्म निःशुल्क शिक्षा पाउने व्यवस्था गरेको पाइन्छ। त्यसैगरी धारा ४ मा रहेको राज्यको दायित्व निर्देशक सिद्धान्त तथा नीतिहरु अन्तर्गत देशमा सामाजिक आर्थिक, राजनैतिक परिवर्तन सुनिश्चित गर्ने वर्गीय, जातीय, भाषिक, लैङ्गिक, सांस्कृतिक, धार्मिक र क्षेत्रीय भेदभावको अन्त्य गर्दै महिला, सार्की, आदिवासी उत्पीडत, उपेक्षित समुदाय, क्षेत्रमा रहेका समस्याहरुलाई संबोधन गरी समस्याको समाधान गरिने व्यवस्था छ । सार्की, उत्पीडित, उपेक्षित वर्ग उत्थान गर्ने नीति राज्यले अवलम्बन गर्ने कुरा लेखिएको छ। (नेपालको अन्तिरम सविंधान, २०६३)

लिखित सार्की समुदायको लागि आरक्षण भन्ने पुस्तक आजको २१ औं शताब्दीमा आइसक्दा पनि ग्रामीण क्षेत्रका सार्की अशिक्षित र जहाको त्यही रहेका छन् । समाजमा नेतृत्वकर्ता, सरकारद्वारा सार्कीहरूलाई राजनैतिक, शैक्षिक, अवस्था दिइएको छैन । नेपालमा राजनैतिक परिवर्तनमा भने उनीहरुको योगदान महत्त्वपूर्ण रही आएको छ । समयको माग अनुसार सार्की जातिलाई शैक्षिक, सामाजिक, आर्थिक परिवर्तन सहभागी गराइ उनीहरुको समस्या समाधान गरी अघि बढाउनु पर्दछ। सार्की जातिको उतथनको र अग्रगमनका लागि राज्यले क्षेत्र पक्षमा अवसर र मौका प्रदान गर्नुपर्दछ भन्ने कुरा उल्लेख गरिएको छ। राष्ट्रिय योजना आयोग (२०५९।२०६४) मा सार्की सम्बन्धी विभिन्न शैक्षिक कार्यक्रमहरु उल्लेख गरिएको छ। सार्की तथा उपेक्षित समुदायका व्यक्तिहरुलाई आत्मसम्मानको साथ विकासको मूल प्रवाहमा समाहित गर्ने। सार्की समुदायर्ला शिक्षामा पहुँच विस्तार गर्न सार्की समुदायको सबै बालबीलकालार्य मा.वि. तहसम्म निःशुल्क गर्ने, छात्रवृत्ति वृद्धि गर्ने, विद्यालयमा शिक्षकमा सम्भव भएसम्म सार्की महिलालाई प्राथमिकता दिने, सार्की साक्षरता अभियान सञ्चालन गर्ने, सार्की जातिलाई राज्यको हरेक तहमा सहभागिता गर्ने उनीहरुलाई प्रभावकारी तरिकाले विभिन्न सिप, तालिमको व्यवस्था गर्ने जस्ता कुराहर भएको पाइन्छ (ताम्राकार, २०६१)।

गोरखापत्र श्रावण ८ गते राष्ट्रिय दैनिक जातीय विभेद पूर्ण रूपमा उन्मूलन सञ्चार संस्थामा सार्की प्रतिनिधित्व आवश्यक भन्ने उल्लेख गरिएको छ । यसका लागि विभिन्न

छुवाछुत चेतनामूलक कार्यक्रमहरु पनि सञ्चालन गर्नुपर्ने आवश्यकता देखिन्छ । (विश्वकर्मा, २०६५)

मुक्तिको आवाज भाषिक पत्रिका छुवाछुत मुक्त राष्ट्रको घोषणा एवं कार्यान्वयन्को अवस्था भन्ने शीर्षकमा लोकतन्त्र बहाली पश्चात् पुनस्थापित व्यवस्थापिका संसदले वि.सं. २०६३ साल जेष्ठ २१ गते राष्ट्रलाई छुवाछुत मुक्त राष्ट्र घोष्णा गरायो । वि.सं. २०६३ साल भाद्र १ गते) डोटी जिल्लाको सिलगढी नगरपालिका स्थित शैलेश्वरी मन्दिरमा समुदायलाई मन्दिर पस्न पूजा पाठ गर्न समेत दिइएन । २०२० सालको मुलुकी ऐन, नेपाल राज्यको संधिवान २०४७ तथा नेपालको अन्तरिम संविधान २०६३ ले विभिन्न कानुन व्यवस्था गरे पनि व्यावहारिक रूपमा कार्यान्वयन गर्न आवश्यक छ। अनि मात्र जातीय भेदभाव अन्त्य हुने साथै नयाँ नेपालको परिकल्पना पूरा हुन सक्दछ (बगाले, २०६५) ।

# अध्याय तीन

# अनुसन्धानको विधि

## ३.१ अध्ययन क्षेत्र र छनोटको औचित्य

नेपालमा रहेका दलित समुदाय आर्थिक, सामाजिक, शैक्षिक क्षेत्रमा पछाडि परेको अवस्था छ । दलित जाति पिछडिएको कारण खोजि गर्नुपर्ने देखिएकोले दलित जाति भित्रको पनि सार्की जातिको अवस्था हेर्दा दयनिय रहेको र सार्की जातिको उत्थानको प्रयासको लागि प्रस्तुत अध्ययनले केही मात्रामा सहयोग पुऱ्याउने हेतुले प्रस्तुत अध्ययन सम्पन्न गरिएको छ । ललितपुर जिल्ला महालक्ष्मी नगरपालिका वडा नं. ५ टिकाथलीलाई प्रस्तुतको लागी अध्ययन क्षेत्र बनाइएको छ । ललितपुर जिल्लाको शहरको मुख्य भागमा रहेको ४० घरधुरी रहेको सार्की गाउँको अवस्था हेर्दा निकै दयनिय रहेको छ । प्रस्तुत अध्ययनमा शहरमा रहेको एउटा गाउँ जुन गाउँको वर्तमान अवस्थामा पनि आर्थिक, सामाजिक, शैक्षिक रुपले कमजोर भएकोले यसको कारण वास्तविकता पता लगाउन प्रस्तुत क्षेत्र छनौट गरिएको छ ।

## ३.२ अनुसन्धानको ढाँचा

अनुसन्धानकर्ताले अनुसन्धान सम्पन्न गर्नको लागि तयार कार्यको योजनालार्य अनुसन्धान ढाँचा भनिन्छ । अनुसन्धान ढाँचा अनुसन्धानको तार्किक र व्यवस्थित योजना र निर्देशन हो (ओझा २०७६) । अनुसन्धान कार्य गर्दा विभिन्न किसिमका प्रक्रियाहरु हुन्छन् । प्रस्तुत अध्ययनमा अन्वेषणात्मक तथा विवरणात्मक ढाँचा प्रयोग गरिएको छ ।

## ३.३ अध्ययनको समग्रता

प्रस्तुत अध्ययन ललितपुर जिल्ला महालक्ष्मी नगरपालिका वडा नं. ५, टिकाथलीमा रहेको सार्की समुदायमा आधारित छ । यस अध्ययन क्षेत्रमा जम्मा ४० घर परिवार सार्की जाति वसोवास गर्दछन् । समग्रतामा पनि ४० घरधुरी सार्की परिवार रहेको छ । यी सबै सार्की जातिको प्रत्येक घरमा गइ ४० घरधुरीलाई जनगणना पद्धति अपनाइ अध्ययन गरिएको छ ।

## ३.४ तथ्याङ्कको स्रोत र प्रकृती

प्राथमिक र द्वित्तिय दुवै श्रोतबाट तथ्याङ्क संकलन गरिएको छ। गुणत्मक र संख्यात्मक दुवै प्रकृतिको तथ्याङ्क प्रयोग भएका छन्।

## ३.५ तथ्याङ्क संकलन विधिहरू

सोध कार्य गर्नको लागि तथ्याङ्क संकलनको ठूलो महत्व तथा भूमिका रहेको हुन्छ । प्रस्तुत अध्ययनको परिणाम नै तथ्याङक संकलन विधिमा भर पर्ने हुनाले यस शोधकार्यमा तथ्याङ्क संकलन विधिमा निम्न विधि प्रयोग गरिएको छ।

### ३.५.१ अन्तरवार्ता विधि

अन्तरवार्ता विधि सोध कार्य गर्नको लागि अन्तरवार्ताको ठूलो महत्व रहेको हुन्छ । जसका लागि प्रश्नावली तयार पारी अध्यान क्षेत्र भित्र परेको प्रतयेक घर जसले घरपरिवारको जिम्मेवारी समालिरहनु भएको उहाँहरूलाई घरमुली मानी उनीहरूसंग सामाजिक, आर्थिक र शैषिक पक्षको तथ्याङ्क संकलन अन्तरवार्ता विधिबाट गरिएको छ।

### ३.५.२ अवलोकन विधि

शोध कार्य गर्नको लागि अन्तरवार्ताको ठूलो महत्व रहेको हुन्छ । त्यतिकै रूपमा अवलोकन विधिको पनि महत्व हुन्छ् । कतिपय कुराहरु छुटेका हुन्छन्, छुटेका कुरा र कति अध्ययनको प्रश्नबाट भन्दा अवलोकन गरेर उत्तरहरू पाउने हुनाले यस शोध कार्य गर्ने क्रममा पनि प्रत्यक्ष रूपमा संलग्न भई यस जातिको सामाजिक, आर्थिक र शैक्षिक पक्ष आदि कार्यमा सार्की जातीको रहनसहन, खानपान, घरको प्रकार आदिलाई अवलोकन गरी टिपोट गरिएको छ।

## ३.६ तथ्याङ्कको विश्लेषण तथा प्रस्तुतीकरण

प्रस्तुत शोधकार्य ललितपुर जिल्लाको महालक्ष्मी नगरपालिकाको वडा नं. ५ टिकाथलीमा रहेका सार्की जातिको अध्ययन गरी तयार पारिएको हो। गरिएको छ। प्रस्तुत अध्ययनको क्रममा तथ्यांकको रुपमा महालक्ष्मी नगरपालिकाको वडा नं. ५ टिकाथलीमा भएका सार्की परिवारका घरधुरी सङ्ख्यालाई समावेश गरिएको छ। संकलित तथ्याङ्कमा व्याख्या गर्ने क्रममा आवश्यक सामाग्री, नोटहरू आदिलाई उपयोग गरी सम्पादन, संक्षेपीकरण सामान्य तालिकामा प्रस्तुत गरिएको छ।

# अध्याय चार

# तथ्याङ्कको विश्लेषण र प्रस्तुतीकरण

## ४.१ सार्की जातिको सामाजिक अवस्था

सामाजिक अवस्था भन्नाले सामाजको अर्थ 'सार्वजनिक', 'सामान्य' र अन्य शब्दहरुमा यो परिभाषा व्यक्तिको सामाजिक जीवनसँग जोडिएको छ । अवस्था भन्नाले त्यसको स्थितिलाई बुझाउछ । यस सन्दर्भमा एक सामाजिक राज्य (न्यायक अर्थमा) कुनै पनि राज्य जो सामाजिक विकासको परिणाम, यद्यपी एक संकीर्ण अर्थमा यो पावर ढाँचामा विशेष प्रकार्यहरू छन् र विशिष्ट गुणहरुसाग स्वीकृत छन् । सामाजिक अवस्था अवस्थित छ र नागरिक जीवनमा त्यस्ता घटनाको नजिकको सम्बन्धमा संचालन गर्दछ (htts://ne.m.wikipedia.org) ।

प्रस्तुत अध्ययनमा ललितपुर जिल्ला महालक्ष्मी नगरपालिका टिकाथली वडा नं. ५ मा बसोवास गरेका सार्की जातिको सामाजिक अवस्था अन्तरर्गत, उमेर, लिङ्ग, जातिय विभेद, परिवारको मिसिम, स्वास्थ्य, धर्म, चाडपर्व आदीसंग सम्बन्धित रहेर अध्ययन गरिएको छ ।

### ४.१.१ उमेरको आधारमा उत्तरदाताको वर्गिकरण

उमेर मानिसको जैविकिय र सामाजिक वर्गिकरण हो, मानिस जन्मिए पछि क्रमशसँग उसको उमेर बढ्दै जानछ । यो प्रक्रिया निरन्तर चलिरहन्छ । यसलाई उमेरको जैविकिय वर्गिकरण भनिन्छ । समाजशास्त्र र मानवशास्त्रमा उमेरलाई सामाजिक वर्गिकरणको रूपमा लिइन्छ । जहाँ उमेर सँगै व्यक्तिक इच्छा, आकांक्षा, आवश्यकता, रुचि, चाहना, मनोविज्ञान फरक फरक हुने गर्दछ । अध्ययन क्षेत्रको उमेरको अवस्थालाई २० वर्षको अन्तरले विभाजन गरी तालिका नं. ४.१.१ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ४.१.१ उमेर समूहको आधारमा उत्तरदाताको विवरण**

| उमेर समूह | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| २० देखि ४० वर्ष | १० | २५ |
| ४१ देखि ६० वर्ष | २५ | ६२.५ |
| ६१ देखि ८० | ५ | १२.५ |
| जम्मा | ४० | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७९

तालिका नं. ४.१.१ मा प्रस्तुत तथ्याङ्क अनुसार २० देखि ४० वर्ष उमेर समुहका घरमुली सङ्ख्या २५ रहेको देखिन्छ । प्रतिशत ४१ देखि ६० वर्ष उमेर समुहका घरमुली सङ्ख्या ६२.५ प्रतिशत र ६१ देखि ८० वर्ष उमेर समुहका घरमुली सङ्ख्या १२.५ प्रतिशत भएको पाइयो । ६० वर्ष भन्दा बढी उमेरका जनसङ्ख्या कुल जनसङ्ख्याको तुलनामा कम भएको देखिन्छ। जसको कारणबाट कम उमेर समुहले घरको दायित्व सम्हाल्ने गरेको पाइन्छ ।

### ४.१.२ घरमुलीमा लैङ्गिक अवस्था

लैङ्गिकता भन्नाले लिङ्गको आधारमा काम बाँडफाड गरिने अवस्था हो । (आचार्य, २०६५) । जन्मने बेलामा हरेक महिलामा पूरुषत्व हुन्छ र हरेक पूरुषत्वमा स्त्रीत्व हुने गर्दछ तर पछि समाजले कस्तो सामाजिकीकरण गर्छ त्यस अनुसार उ खास पुरुष वा महिला के बन्छ भने हुन्छ, भनाइको उद्देश्य के हो भने मानिस जन्मदाखेरी एउटा केटा वा केटी भएर जन्मिन्छ त्यसलाई पुरुष र महिला बनाउने काम समाजको हुन्छ (शर्मा, २०५५) । ललितपुर जिल्ला महालक्ष्मी नगरपालिका वडा नं. ५ टिकाथलीका सार्की जातिको लिङ्गको आधारमा काम बाँडफाँड र घर व्यवहार चलाउने कुरामा महिला पुरुष दुवैले चलाएको पाइन्छ । घरमुलीको लेङ्गिक अवस्थालाई तालिका ४.१.२ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ४.१.२ लिङ्गको अवस्थाको आधारमा उत्तरदाताको विवरण**

| लिङ्ग | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| महिला | १० | २५ |
| पुरुष | ३० | ७५ |
| जम्मा | ४० | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७९

तालिका नं. ४.१.२ मा प्रस्तुत तथ्याङ्क अनुसार २५ प्रतिशत मात्र महिलाले घरमुलीको भूमिका निर्वाह गरिरहेको देखिन्छ । सामाजिक परिवर्तनले परिवारमा पनि केही परिवर्तन भएको छ। महिलालाई घरव्यवहार सम्हाल्नको लागि आफ्नो श्रीमानले पनि सहयोग गर्ने गरेको र कोही महिलाका श्रीमान नहुनाले पनि घरमुलीको रुपमा भूमिका निभाएका छन् । प्रस्तुत तथ्याङ्कमा सार्की जातिमा महिलाको भूमिका हेर्दा पुरुष समान नभएपनि केही मात्रामा महिलालाई भूमिका निर्वाह गर्न सक्छन् भन्ने हिसाबले त्यो जिम्मेवारी दिएको पाईन्छ ।

### ४.१.३. विवाहको उमेर

विवाह सामाजिक रूपमा स्पष्ट गरिएको नियमको आधारमा पुरुष र महिला बीच श्रीमान श्रीमतीको सम्बन्ध स्थापना हुन्छ वा सम्बन्ध गासिन्छ त्यसलाई नै विवाह भनिन्छ ( शर्मा, २०५५) । विवाहलाई अनुमति स्वीकृति प्रदान गरिएको जोडीहरूको बीचमा हुने सम्बन्धलाई विवाह भनिन्छ (गौतम, २०६५) ।

सामान्यतय विवाहमा परिवारको स्थापना, लैङ्गिक सम्बन्धमा प्रवेश र प्रजनन एवं बच्चाको पालन पोषण गर्नु रहेको छ । अध्ययन क्षेत्रको वैवाहिक अवस्था अर्न्तगत र उत्तरदाताको विवाको उमेरको अवस्थालाई तालिका नं. ४.१.३ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ४.१.३ विवाहको उमेरको आधारमा उत्तरदाताको विवरण**

| **विवाह गर्दाको समय** | **सङ्ख्या** | **प्रतिशत** |
|---|---|---|
| १५ देखि २० | ५ | १२.५ |
| २१ देखि २५ | ३० | ७५ |
| २५ देखि माथि | ५ | १२.५ |
| जम्मा | ४० | १०० |

स्रोतः स्थलगत सर्वेक्षण २०७९

तालिका नं. ४.१.३ मा प्रस्तुत तथ्याङ्क अनुसार २१ देखि २५ वर्ष उमेरमा बिहे गर्ने ७५ प्रतिशत देखिन्छ। १५ देखि २० वर्ष उमेर सम्म बिहे गर्ने समूह १२.५ प्रतिशत रहेको छ। २५ देखि माथि बिहे गर्ने उमेर समूह १२.५ प्रतिशत रहेको छ। नेपाल सरकारले २० वर्षभन्दा तल बिहे गर्न नपाउने नियम र कानुन भएकोले गर्दा २१ देखि २५ वर्ष उमेरमा धेरै बिहे गरेको देखिन्छ।

### ४.१.४ विवाहको प्रकार

**प्रस्तुत अध्ययन क्षेत्रमा विवाहको प्रकृतीको अवस्थालाई तालिका नं. ४.१.४ मा प्रस्तुत गरिएको छ।**

**तालिका नं. ४.१.४ विवाहको प्रकारको आधारमा उत्तरदाताको विवरण**

| **विवाहको प्रकार** | **सङ्ख्या** | **प्रतिशत** |
|---|---|---|
| प्रेम विवाह | १२ | ३० |
| मागी विवाह | २५ | ६२.५ |
| बलपूर्वक/दबाबमूलक | ३ | ७.५ |

तालिका नं. ४.१.४ मा प्रस्तुत तथ्याङ्क अनुसार श्रोत ४० घर धुरीमा ३० प्रतिशतले प्रेम विवाह गरेको देखिन्छ। ६२.५ प्रतिशत मानिसहरूले मागी विवाह गरिएको पाइयो। ७.५% मानिसले दवाबमुलक विवाह गरेको देखिन्छ। अझै पनि नेपालमा मागी विवाह प्रचलित रहेको

यस तालिकाबाट प्रष्ट हुन्छ । अझै पनि सार्की जातिमा दवावमुलक/बलपुर्वक पनि बिहे हुने देखियो ।

### ४.१.५. पारिवारको किसिम

परिवार पर्याप्त निश्चित यौन सम्बन्ध द्वारा परिभाषित व्यक्तिहरुको त्यस्तो समूह हो जसले बच्चा पैदा गर्ने र पालनपोषण गर्ने व्यवस्था गर्दछ । साझा संस्कृति सृजन ागर्ने दाजुभाइ दिदी बहिनी छोराछोरी आमा, बुवा, श्रीमान र श्रीमतीले अपेक्षित सामाजिक भूमिका अनुसार एक अर्कामा अन्तरक्रिया गर्दै एक सिंगो गृहस्थ निर्माण गर्ने विवाह र रगतको सम्बन्धद्वारा एकीकृत व्यक्तिहरुको समूह हो (शर्मा, २०५५) ।

नेपालमा विभिन्न किसिमका पारिवारको रुपहरू देखिन्छ। गाउँघरमा आफ्नो परिवारमा बढी आत्मीयता अनि छोराछोरीको आमाबाबु प्रतिको जिम्मावारी बोध हुन्छ । त्यसकारण बढी संयुक्त परिवारमा रहेका हुन्छन् भने सहरी क्षेत्रमा आधुनिकीकरणको गर्दा एकात्मक परिवारको माग बढ्दै गइरहेको पाइन्छ। छोराछोरी पढेर जागिर गर्न थाले भने आफ्नो परिवार टाढा हुने प्रवृत्ति बढेको छ भने संयुक्त परिवारको बनोटमा केही कमी हुन थालेको छ । शहरी क्षेत्रमा बसोबास गर्ने सार्की जातिमा पनि छोरी छोरी आफ्नो पेशा गर्ने भएपछि संयुक्त परिवारको मान्यतामा परिवर्तन आई एकात्मक परिवारतर्फ उन्मुख भएको पाइन्छ। प्रस्तुत अध्ययन क्षेत्रको पारिवारिक अवस्थालाई तालिका नं. ४.५ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ४.१.५ परिवारको किसिमको आधारमा उत्तरदाताको विवरण**

| पारिवारिक किसिम | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| एकल परिवार | ३६ | ९० |
| संयुक्त परिवार | ४ | १० |
| जम्मा | ४० | १०० |

स्रोतः स्थलगत सर्वेक्षण २०७९

तालिका नं. ४.१.५ मा प्रस्तुत तथ्याङ्क अनुसार छोराहरूको विहेवारी भएपछि उनीहरूले घरमा खर्च दिदैनन् अनि उनीहरूको छोराछोरी भएपछि विस्तारै आफ्ना छोराछोरी श्रीमती मात्रको एकल परिवार होस भन्ने चाहनाले आफ्नो परिवारबाट अलग भएको पाइन्छ

। शहरी क्षेत्रमा हुने एकात्मक परिवारको प्रभाव, छुटटै बस्दा खर्च कम  हुने कारणले पनि एकात्मक परिवारमा बस्न रुचाउँछन् । छोराहरूले विवाह गर्छन् बुहारी आउछन् अनि घरमा खर्च दिन छोराहरूलाई गाह्रो हुन्छ त्यो कुरामा घरमा झगडा हुन्छ अनि छुट्टिने अवस्था आएको पाइन्छ । एकात्मक परिवार हुनुको कारण गरिबी अनि सासु बुहारीमा झगडा हुने पनि एउटा कारण हो । जसको कारण संयुक्त परिवारबाट छुटि्एको भन्ने घरमुली पनि भेटिए ।

### ४.१.६ जातीय विभेद

जयस्थीति मल्लको पालादेखि जाति व्यवस्था सुरु भएको हो र  जयस्थिति मल्लले यसलाई अझै कठोर रुपमा लागु परेको पाइन्छ । त्यसैगरी दलितहरूलाई हिन्दुवर्णाश्रम अन्तर्गत तल्लो जातको श्रेणीमा राखियो । जसको कारण समाजमा विभेद रहेको पाइन्छ । संविधान र ऐन कानुनले देशको जातीय र भाषिक विविधतालाई स्वीकारी सबै भाषा, धर्म, जात र समुदायलाई समान व्यवहार नगरिनुले पनि समाजमा दलितहरूको सामाजिक अवस्थामा परिवर्तन नभएको पाइन्छ । समग्र नेपाली समाजको कुरा गर्दा जाति विभेद अझै पनि कायम रहेको छ । ऐन बनाएर नै दलितलाई विभेद गर्ने, धार्मिक क्षेत्रमा प्रवेश गर्न नदिने, प्रशासनिक क्षेत्रमा दलितको प्रतिनिधित्व कम हुने, जातिय पेशालाई नराम्रो दृष्टिले हेर्ने र त्यसलाई आधुनिकीकरण नगर्नु सामाजिक क्रियाकलापमा सहभागी नगराउने प्रचलन अझै रहेको छ । जातिय विभेदलाई तालिका नं. ४.१.६ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ४.१.६ जातीय विभेदको आधारमा उत्तरदाताको विवरण**

| जातीय विभेद | उत्तरदाताको सङ्ख्या | प्रतिशत |
|---|---|---|
| घरमा | ३० | ७५ |
| सार्वजनिक ठाउँमा | ५ | १२.५ |
| होटेल, पसलमा | २ | ५ |
| विद्यालयमा | ३ | ७.५ |
| जम्मा | ४० | १०० |

स्रोतः स्थलगत सर्वेक्षण २०७९

तालिका नं. ४.१.६ मा प्रस्तुत तथ्याङ्क अनुसार ७५ प्रतिशत घरमा विभेद भएको पाइन्छ । सार्वजनिक ठाउँमा १२.५ प्रतिशत विभेद गरेको पाइयो । होटेल, पसलमा ५ प्रतिशत विभेद भएको पाइयो । विद्यालयमा ७.५ प्रतिशत विभेद भएको देखियो । जति नियम कानुनमा जातयि विभेद गर्न पाइँदैन भनेर लेखे पनि त्यो कापीको पानामा मात्र सीमति भएको पाइन्छ ।

### ४.१.७ चाडपर्व

चाडपर्व भन्नाले कुनै खास दिन तथा तिथिमा विभिन्न जात जातिका तथा समुदायका मानिसहरूले विशेष पर्वको रूपमा मान्ने र विभिन्न देवदेवीहरुको पूजा आजा गरी भोजभतेर खाइ नाचगान गरी रमाइलो गर्ने दिनलाई चाडपर्व भनिन्छ (htts://hi.n.wikipedia.org) । चाडपर्वको आधारमा उत्तरदाताको विवरणलाई तालिक नं. ४.१.७ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ४.१.७ चाडपर्वको आधारमा उत्तरदाताको विवरण**

| चाडपर्व | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| दशै/तिहार/तिज | ३० | ७५ |
| क्रिस्मस | १० | २५ |
| जम्मा | ४० | १०० |

स्रोतः स्थलगत सर्वेक्षण २०७९

तालिका नं. ४.१.७ मा प्रस्तुत गरिएको तथ्याङ्क अनुसार सार्की जातिले मानिने चाडपर्वहरूमा दशै, तिहार, तिज जस्ता चाडपर्व ४० घरधुरीबाट अन्तरवार्ता लिदा ७५ प्रतिशतले दसै, तिहार, तिज मान्दै आएको देखियो । २५ प्रतिशत सार्की जातिले क्रिसमस मान्दै आएको पाइयो । समग्रमा ललितपुर जिल्ला महालक्ष्मी नगरपालिका वडा नं. ५ टिकाथलीको सार्की जातिमा धेरैजसोले हिन्दु धर्मावलम्बीहरुले मान्ने चाडपर्व यिनीहरुले पनि मान्दै आएको पाइयो ।

### ४.१.८ धर्म

धर्म सामान्यतया मानिसलाई अनुशासनमा राख्ने कडी हो । धर्म विश्वासको व्यवस्थाको साथै कार्यप्रणालीको स्वरूप र व्यक्तिगत अनुभवका साथै समाज शास्त्रीय घटना हो (आचार्य, २०६५) । धर्मको आधारमा उत्तरदाताको विवरणलाई तालिका नं. ४.१.८ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ४.१.८ धर्मको आधारमा उत्तर दाताको विवरण**

| धर्म | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| हिन्दु | ३० | ७५ |
| क्रिस्टियन | १० | २५ |
| जम्मा | ४० | १०० |

स्रोतः स्थलगत सर्वेक्षण २०७९

तालिका नं. ४.१.८ मा प्रस्तुत तथ्याङ्क अनुसार हिन्दु धर्म ७५ प्रतिशत मानिसहरूले हिन्दुधर्म मान्दै आएको पाइन्छ । क्रिश्चियन धर्म २५ प्रतिशत त मानिसहरूले मानिएको देखियो । माथिको तालिकाबाट के प्रष्ट हुन्छ भने सार्की जाति धेरै जसोले अझै पनि हिन्दु धर्म संस्कार मानिएको पाइयो । सार्की जातिले धर्म संस्कार हिन्दु र क्रिश्चियन मानिएको देखिन्छ । परापूर्वकालबाट सार्की जाति हिन्दु धर्म मान्दै आएको हिन्दु संस्कारनै अवलम्वन गरेको पाइयो । तालिका नं. ४.१.८ मा क्रमश हिन्दुबाट क्रिश्चियनतिर बढदै गएको देखिन्छ ।

### ४.१.९ स्वास्थ्यमा पहुँच र सार्की जाती

स्वास्थ्य भनेको रोग तथा दुर्बलताबाट मुक्त हुनु मात्र नभई सम्पूर्ण शारीरिक, मानसिक तथा सामाजिक अवस्था तन्दुरुस्त हुनु पनि हो । (डब्लु एच ओ, १९४६) ललितपुर जिल्ला महालक्ष्मी नगरपालिका वडा नं. ५ टिकाथलीको सार्की जाति स्वास्थ्य पहुँचमा सरकारी स्वास्थ्य सेवा निजी स्वास्थ्य सेवा र धामी, झाक्री सेवा लिएको पाइन्छ । जनस्वास्थ्यको सवाल र सार्की जातिको पहुँचलाई तालिका नं. ४.१.९ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ४.१.९ स्वास्थ्यका आधारमा उत्तरदाताको विवरण**

| स्वास्थ्यमा पहुँच | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| सरकारी स्वास्थ्य सेवा | २७ | ६७.५ |
| निजि स्वास्थ्य सेवा | १० | २५ |
| धामी, झाक्री, बैद्य सेवा | ३ | ७.५ |
| जम्मा | ४० | १०० |

स्रोतः स्थलगत सर्वेक्षण २०७९

तालिका नं. ४.१.९ मा प्रस्तुत तथ्याङ्क अनुसार ४० घर धुरीमा ६७.५% मानिसहरूले सरकारी स्वास्थ्य संस्थामा सेवा लिएको पाइयो । निजि स्वास्थ्य संस्थामा २५% मानिसले स्वास्थ्य सेवा लिएको पाइयो । धामी झाक्री र बैद्य सेवामा ७.५% मानिसहरूले उपचार गरिरहेको पाइयो । प्रस्तुत अध्ययनबाट के प्रस्ट हुन्छ भने धेरैले सरकारी स्वास्थ्य सेवामा उपचार गरेको पाइयो किन भने सार्की जाति यसै पनि पिछाडीएको र गरिब वर्गमा पर्ने भएकोले उनीहरू निजि स्वास्थ्य संस्थामा उपचार गर्न कठिन पर्ने भएकोले उनीहरूले सरकारी स्वास्थ्य सेवा धामी झाक्री वेध प्रथा आफै पनि प्रयोग गरेको पाइयो । आजको युगमा पनि स्वास्थ्य सेवा उपयोगमा धामी झाक्रीलाई पनि विश्वास गरेको पाइयो किनभने धामी झाकी बैद्य सेवा कम खर्चिलो हुने हुंदा उनीहरूलाई सजिलो भएको देखियो ।

## ४.२ सार्की जातिको आर्थिक अवस्था

"आर्थिक पक्ष भन्नाले कुनै पनि समुदायको आर्थिक क्रियाकलापको कार्य प्रणालीको तरिकालार्य जनाउँछ (आचार्य, २०६५) । अर्थ बाट नै समुदायको आर्थिक आवश्यकताहरु पूरा हुन्छन् । आर्थिक पक्ष केवल आर्थिक आवश्कयताको परिपूर्ति मात्र सीमित नभई यसको प्रत्यक्ष असर समाज र संस्कृतिसँग पर्ने हुँदा आर्थिक पक्ष सामाजिक अध्ययनको केन्द्रबिन्दु हो । आर्थिक पक्ष वस्तु तथा सेवाको उत्पादन, उपभोग र वितरणसँग बढी सम्बन्धित हुन्छ । ललितपुर जिल्ला महालक्ष्मी नगरपालिका वडा नं. ५ टिकाथलीको सार्की जातिको आर्थिक

पक्षमा ५ वटा पक्षहरुको तथ्याङ्क सङ्कलन गरिएको छ जसमा पेशा, भूस्वामित्व, वार्षिक आय, रोजगार र खाद्यान्नको स्थिति रहेको छ ।

### ४.२.१ पेशा

पेशा भनेको मानिसहरूले गर्ने विभिन्न कामसँग सम्बन्धित छ । मानिसहरूले आफूले सिकेको जानेको सिप ज्ञानको आधारमा जीवन निर्वाहको लागि विभिन्न पेशालाई आधार बनाएर काम गरेको पाइन्छ । पेशा अवस्थालाई तालिका नं. ४.२.१ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ४.२.१ पेशागत आधारमा उत्तरदाताको विवरण**

| मुख्य पेशाहरू | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| परम्परागत पेशा | ६ | १५ |
| वैदेशिक रोजगारी | ४ | १० |
| कृषिमा | ६ | १५ |
| जालादारी तथा मजदुरी | २४ | ६० |
| जम्मा | ४० | १०० |

स्रोतः स्थलगत सर्वेक्षण २०७९

तालिका नं. ४.२.१ मा प्रस्तुत तथ्याङ्क अनुसार प्रस्तुत अध्ययन क्षेत्रमा सार्की जातिमा १५ प्रतिशतले परम्परागत पेशा गर्दै आएका पाइयो किन भने पेशाप्रति अहिलेको युवामा चासो छैन र त्यसबाट हुने आम्दानीले जीवन धान्न गाह्रो हुन्छ त्यसकारण परम्परागत यस पेशामा सार्कीहरूको संलग्नता कम छ । ज्याला मजदुरीलाई मुख्य पेशा मान्ने सार्की परिवार ६० प्रतिशत रहेको देखिन्छ । गाउँघरमा बसेर केही आम्दानी गर्न नसकेर विदेशमा बस्ने १० प्रतिशत रहेको पाइयो । कृषि पेशा गर्ने १५ प्रतिशत रहेको छ । कृषि पेशामा पनि आधुनिकीकरणको कमी र पानीको अभावको कारण धेरैले यो पेशालाई अंगाल्न सकेका छैनन् । सार्की जातिमा परम्परागत पेशा अहिले आधुनिकरणले गर्दा ठूलो असर परेकोले गर्दा परम्परागत पेशा धरासय बनेको देखियो । कृषि पेशामा जग्गा जमिन कम भएकोले गर्दा कृषि व्यवसायलाई पनि उनिहरूले प्रमुख पेशा बनाउन नसकेको देखिन्छ ।

### ४.२.२ भू-स्वामित्व

भू-स्वामित्व भन्नोल, भू भनेको जमिन स्वामित्व भनेको आफ्नो पहुँचमा रहेकोलाई बुझिन्छ । समग्रमा आफ्नो पहुँचमा रहेको जमिनलाई भू-स्वामित्व भनिन्छ । पितुसत्तात्मक हाम्रो समाजमा अझै पनि जग्गा जमिन पुरुषकै नाम भएको देखिन्छ । पछिल्लो समयमा नेपाल सरकारले महिलाको नाममा भएको जग्गा पास गर्दा लाग्ने रकममा छुट भएको कारण चार पाँच जना महिलाको नाममा जमिन रहेको पाइन्छ । महिलाको आर्थिक अवस्था पुरुषको भन्दा कमजोर छ । कुनै पनि जग्गाजमिन पुरुषको अनुमति बिना बेचविखन गर्न पाउदैनन् तर पुरुषले महिलाको अनुमतिविना बेचविखन गर्न सक्छन् । उनीहरूले प्रयोग गर्दै आएको जग्गा पनि गुठीको जग्गा थियो अहिले उनीहरूले आफ्नो बनाएका छन् । जग्गा जमिन प्रशस्त नभएको कारण सार्की जाती ज्याला मजदुरी गर्ने र वैदेशिक रोजगारलाई मुख्य रोजगार मानेका छन् । भूस्वामित्वको आधारमा तालिका नं. ४.२.२ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ४.२.२ भू-स्वामित्वको आधारमा उत्तरदाताको विवरण**

| भूमिको क्षेत्रफल रोपनी | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| एक रोपनीसम्म | ४ | १० |
| आधा रोपनीसम्म | ३६ | ९० |
| जम्मा | ४० | १०० |

स्रोतः स्थलगत सर्वेक्षण २०७९

तालिका नं. ४.२.२ मा प्रस्तुत तथ्याङ्क अनुसार १० प्रतिशत सार्कीहरूसँग एक रोपनी जमिन रहेको पाइन्छ र ९० प्रतिशत सार्की जातिसँग आधा रोपनी जग्गा रहेको देखियो । सार्की जाती पैसा कमाउन विदेश जाने भएकोले जमिन किन्न सकेको बताउँछन् । गाउँमै बसेर कृषि पेशा गर्ने परम्परागत पेशा गर्नेको अझै पनि रोपनी जग्गा जमिन नरहेको पाइयो । कृषि पेशालाई, पराम्परागत पेशालाई आधुनिकीकरण नगर्दा उनहिरूको आम्दानी बढ्न नसकेको देखियो ।

### ४.२.३ वार्षिक आय

आय भनेको कुनै पनि व्यापार, व्यवसाय वा अन्य कुनै पेशाबाट दैनिक, मासिक, वार्षिक रुपमा आउने मुद्रालाई आय भनिन्छ । यसका आधारहरू धेरै छन् । उत्पादन, वितरण र विनिमय मुख्य रहेका छन् । कुनै पनि राष्ट्र, समाज वा समुदाय के कति मात्रामा सक्षम छ भन्ने कुरा त्यहाँ हुने आयस्तरले नै निर्धारण गर्दछ । सार्की जातिका मानिसहरूले ज्याला मजदुरीका साथै विभिन्न किसिमका पेशाहरू आफ्ना पारिवारिक खर्च जुटाउनका लागि गरेको देखन्छ । आर्थिक स्तरको निर्धारणका आयस्तरको भूमिकालाई मध्यनजर राख्दै सार्की जातिका आयस्तर पत्ता लगाउने कोशिस गरिएको छ । वार्षिक आयको अवस्थालाई तालिका नं. ४.२.३ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ४.२.३ वार्षिक आयको आधारमा उत्तरदाताको विवरण**

| आयस्तर | उत्तरदाता | प्रतिशत |
|---|---|---|
| रू. ६०,००० सम्म | २६ | ६५ |
| रू. ६०,००० - १,००,००० सम्म | ११ | २७.५ |
| रू. १,००,०००- १,२०,००० सम्म | ३ | ७.५ |
| जम्मा | ४० | १०० |

स्रोतः स्थलगत सर्वेक्षण २०७९

तालिका नं. ४.२.३ मा प्रस्तुत तथ्याङ्क अनुसार माथिका तालिका अनुसार ६० हजारसम्म वार्षिक रुपमा आम्दानी गर्ने उत्तरदाता ६५ प्रतिशत रहेको पाइयो । ६०,००० - १,००,००० सम्म २७.५ प्रतिशत रहेको देखिन्छ । १,००,००० - १,२०,००० सम्म वार्षिक आयस्तर हुने ७.५% रहेको पाइयो । प्रस्तुत अध्ययनबाट थाहा हुन्छ सार्की जातिको आयस्तर एकदम न्यून रहेको पाइन्छ । सार्की जाती पुर्खौली जग्गा जमिन नहुनु, सरकारी पेशामा संलग्न कम हुनु, परम्परागत पेशाबाट फाइदा नहुनु जस्ता रहेका छन् ।

### ४.२.४ खाद्यान्नको उपलब्धता र पहुँच

खाद्यान्न भन्नाले खाना वा खाने कुराहरू बुझिन्छ । ललितपुर जिल्ला महालक्ष्मी नगरपालिका वडा नं. ५ का सार्की जातिको वर्षभरि काम गर्दा उनीहरूको खाद्यान्नको अवस्थाको अध्ययन गरिएको छ। सार्की परिवारको खाद्यान्नको उपलब्धता र पहुँचको आधारमा तालिका नं. ४.२.४ प्रस्तुत गरिएको छ ।

**तालिका नं. ४.२.४ सार्की परिवारको खाद्यान्नको आधारमा उत्तरदाताको विवरण**

| खाद्यान्नको स्थिति | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| राम्ररी खाना पुग्ने | ६ | १५ |
| मुस्किलले खाना पुग्ने | १६ | ४० |
| खाना नपुग्ने | १८ | ४५ |
| जम्मा | ४० | १०० |

स्रोतः स्थलगत सर्वेक्षण २०७९

तालिका नं. ४.२.४ मा प्रस्तुत तथ्याङ्क अनुसार अध्ययन क्षेत्रका आफ्नै उत्पादनले परिवारमा राम्ररी खान पुग्ने १५ प्रतिशत छन् । खाना नपुग्ने ४५ प्रतिशत परिवार रहेका रहेका छन् । मुस्किलले खान पुग्ने ४० प्रतिशत घरपरिवार रहेको देखियो । प्रस्तुत तथ्याङ्क अनुसार उनीहरू सामाजिक रुपमा जातीय विभेदको सामना प्रस्तुत प्रत्यक्ष र अप्रत्यक्ष रुपमा भोगिरहेको देखिन्छ । आर्थिक अवस्था अन्य जातिको भन्दा कमजोर रहेको देखिन्छ ।

## ४.३ सार्की जातिको शैक्षिक अवस्था

शिक्षा जीवन जान्ने, बुझ्ने र बदल्ने माध्यम हो । सयुक्त राष्ट्र सङ्घ (१९९७) वास्तवमा शिक्षाले मानव विकासको चौतर्फी सम्भावनाहरु खोज्न सक्छ वा खोज्न सिकाउँछ । मानिसको सामाजिक र आर्थिक विकास शिक्षा विना अपूर्ण मानिसको सामाजिक र आर्थिक विकास शिक्षा विना अपूर्ण छ । यसले मानव विकासको लागि शिक्षा साध्य र साधन दुवै हो । शिक्षा नै ज्ञानको सिर्जना, ज्ञानको उपयोग र ज्ञानको फैलावटको आधार हो । शिक्षा नै दुनिया जगत्को सम्पर्क आधार हो । विडम्बना विश्वमा शिक्षाको सामान वितरण छैन । त्यसैले

आर्थिक र सामाजिक विकासका दृष्टिले देशहरु बिचको स्तरीकरण छ । शिक्षाले जसरी समाजलाई समृद्ध पारेको छ । त्यसैगरी विभेदयुक्त समाज पनि निर्माण छ (आचार्य, २०६५) ।

### ४.३.१ विद्यालयमा पहुँच

विद्यालय एउटा शिक्षा लिने घर वा ज्ञानको मन्दिर हो। जहाँ हामीले ज्ञान, कला, सिप, अनुशासन आदि पाइन्छ। सार्की जातिको विद्यालयमा पहुँच कस्तो छ भन्ने कुराको अर्न्तवार्ता गरिएको छ । विद्यालयमा पहुँचको आधारमा तालिका नं. ४.३.१ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ४.३.१ विद्यालयमा पहुँचको आधारमा उत्तरदाताको विवरण**

| विद्यालयको प्रकार | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| सामुदायिक विद्यालय | ३७ | ९५ |
| निजि विद्यालय | ३ | ५ |
| जम्मा | ६० | १०० |

स्रोतः स्थलगत सर्वेक्षण २०७९

तालिका नं. ४.३.१ मा प्रस्तुत तथ्याङ्क अनुसार महालक्ष्मी नगरपालिका टिकाथली वडा नं. ५ मा रहेको सार्की जाति विद्यार्थी सङ्ख्या ६० जना रहेका छन् । सामुदायिक विद्यालयमा पढ्ने ९५ प्रतिशत रहेको देखियो । निजि विद्यालयमा ५ प्रतिशत ले पढेको देखिन्छ । प्रस्तुत तथ्याङ्कबाट के प्रष्ट हुन्छ भने आर्थिक रुपमा पछाडी परेको सार्की जाति अझै पनि निजि विद्यालयमा आफ्नो छोराछोरी पढाउन नसकेको देखिन्छ ।

### ४.३.२ शैक्षिक योग्याता र स्तरको आधारमा

शैक्षिक योग्यता र स्तर भन्नाले सामान्यतया व्यक्ति वा मानिसको आफ्नो क्षमता व तहलाई बुझाउछ । शैक्षिक योग्यता र स्तरको आधारमा तालिका नं. **४.३.२ मा प्रस्तुत गरिएको छ ।**

**तालिका नं. ४.३.२ शैक्षिक योग्यता र स्तरको आधारमा**

| शिक्षाको स्तर | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| आइ.ए.पास | २ | ५ |
| मा.वि. | ४ | १० |
| नि.मा.वि. | ६ | १५ |
| प्रा.वि. | ५ | १२.५ |
| निरक्षर | २३ | ५७.५ |
| जम्मा | ४० | १०० |

स्रोतः स्थलगत सर्वेक्षण २०७९

तालिका नं. **४.३.२** मा प्रस्तुत तथ्याङ्क अनुसार महालक्ष्मी नगरपालिका टिकाथली वडा नं. ५ मा रहेका सार्की जातिको विद्यार्थीहरूको सङ्ख्या ६० जना छ । क्याम्पस तहमा आईए पढ्ने ५ प्रतिशत छ । मा.वि. अध्ययन गर्ने १० प्रतिशत रहेको छ । निमावी अध्ययन गर्ने १५ प्रतिशत रहेको छ । प्रा.वि. अध्ययन गर्ने १२.५ प्रतिशत रहेको छ । निरक्षरमा ५७.५ प्रतिशत रहेको पाइयो । साक्षरतामा ४२.५ प्रतिशत रहेको पाइयो ।

### ४.३.३ शिक्षाले ल्याएको परिवर्तन

ललितपुर जिल्लाको महालक्ष्मी न.पा. वडा नं. ५, टिकाथली भन्ने गाउँमा ४० घरधुरी रहेको छ । सरकारदेखि विभिन्न संघ संस्थाहरूले सार्की जातिलाई शैक्षिक रुपमा धेरै सहयोग गर्दै आएका छन् । विभिन्न संघ संस्था तथा सरकारको सहयोगले उत्तरदाताको दैनिकी तथा शैक्षिक अवस्थामा धेरै सुधार आएको देखिन्छ किनकि धेरै कुराहरू सिकेका छन् । शिक्षाले वित र वर्तमानमा सिप, कला हरेक पक्षमा परिवर्तन ल्याइदिएको छ । शिक्षाले ल्याएको परिवर्तनको अवस्थालाई तालिका नं. ४.३.३ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ४.३.३ शिक्षाले ल्याएको परिवर्तनका आधारमा उत्तरदाताको विवरण**

| शिक्षाले ल्याएको परिवर्तन | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| रोजगार, पेशा, आयस्तरमा आएको परिवर्तन | २० | ५० |
| चेतना, संस्कार, अनुशासन आएको परिवर्तन | २० | ५० |
| जम्मा | ४० | १०० |

स्रोतः स्थलगत सर्वेक्षण २०७९

तालिका नं. ४.१७ मा प्रस्तुत तथ्याङ्क अनुसार शिक्षाले ४० घरको अवस्थालाई हेर्दा रोजगार, आयस्तर, पेशा आदिमा ५०% सार्की जातिमा शिक्षाले परिवर्तन ल्याएको छ। चेतना संस्कार अनुशासनमा ५०% सार्की जातिमा परिवर्तन आएको देखियो । समग्रमा ललितपुर जिल्ला महालक्ष्मी नगरपालिका वार्ड नं. ५ को सार्की जातिमा रोजगार, पेशा, आयस्तर, चेतना, संस्कार अनुशासनमा समान परिवर्तन आएको देखिन्छ।

### ४.३.४ शिक्षाले सामाजिक सम्बन्धमा ल्याएको परिवर्तन

मानिस एक चेतनशिल प्राणी हो । चेतनशील भएको कारण के समाजमा बसोबास गर्दछ। चेतना भएको मानिसलाई शिक्षाले परिवर्तन ल्याई दिन्छ, शिक्षाले सामाजिक सम्बन्धमा पनि परिवर्तन ल्याई दिएको छ। मानिस जब शिक्षित हुन्छ तव मानिस बोलीचाली रहन सहन, अनुसासन सबै कुरामा धेरै सभ्य हुन्छ त्यसैले शिक्षाले सामाजिक सबन्धमा ठूलो परिवर्तन लिएर आउँछ। शिक्षाले सामाजिक सम्बन्धमा आएको परिवर्तनको आधरमा तालिका नं. **४.३.४** मा प्रस्तुत गरिएको छ।

**तालिका नं. ४.३.४ शिक्षाले सामाजिक सम्बन्धमा परिवर्तन**

| शिक्षाले सामाजिक सबन्धमा परिवर्तन | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| छुवाछुत/विभेदमा आएको परिवर्तन | १० | २५ |
| अन्य जातिसंगको सबन्धमा सुधार | १५ | ३७.५ |
| अन्य जातिको घर भित्र पस्न पाउनेमा आएको परिवर्तन | ७ | १७.५ |
| विवाह प्रणालीमा आएको परिवर्तन | ८ | २० |
| जम्मा | ४० | १०० |

स्रोतः स्थलगत सर्वेक्षण २०७९

तालिका नं. **४.३.४** मा प्रस्तुत तथ्याङ्क अनुसार शिक्षाले सामाजिक सम्बन्धमा ल्याएको परिवर्तनमा जम्मा ४० घरधुरीमा लिएको तथ्याङ्कमा छुवाछुत तथा विभेदमा २५ प्रतिशतमा परिवर्तन आएको पाइयो अन्य जातिसंगको सबन्धमा सुधारमा ३७.५% प्रतिशतमा परिवर्तन आएको पाइयो । अन्य जातिको घरमा पस्न पाउने परिवर्तनमा ४० जनाको तथ्याङ्क लिँदा १७.५% परिवर्तन आएको पाइयो र विवाह प्रणालीमा २०% मा मात्र परिवर्तन भएको पाइयो । प्रस्तुत तथ्याङ्कबाट के प्रस्ट हुन्छ भने शिक्षाले सामाजिक सबन्धमा परिवर्तन ल्याएको पाइयो ।

### ४.३.५ शिक्षाले सामाजिक व्यवहारमा ल्याएको परिवर्तन

शिक्षाले मानिसको हरेक क्रियाकलापमा परिवर्तन ल्याउछ, बोलीचाली सत्कार, भाषा शैली, सहयोग हरेक कुरामा शिक्षाले परिवर्तन ल्याउछ । मानिसको शिक्षा पाएर शिक्षित हुन्छ । उसले सोच्ने, गर्ने हरेक क्रियाकलाप धेरैसंग गर्दछ । शिक्षाले व्यवहारमा ल्याएको परिवर्तनको आधारमा तालिका नं. **४.३.५** मा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ४.३.५ शिक्षाले व्यवहारमा ल्याएको परिवर्तनको आधारमा उत्तरदाताको विवरण**

| क्र.सं. | व्यवहारमा आएको परिवर्तन | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १. | बोलीचाली, भाषा शैलीमा, सेवा सत्कारमा आएको परिवर्तन | १५ | ३७.५ |
| २. | एक अर्कामा सहयोग आदान प्रदानमा आएको परिवर्तन | २५ | ६२.५ |
| | जम्मा | ४० | १०० |

तालिका नं. **४.३.५** मा प्रस्तुत तथ्याङ्क अनुसार ललितपुर जिल्ला महालक्ष्मी नगरपालिका वडा ५ को टिकाथलीको ४० घरधुरीमा अर्न्तवार्ता गर्दा शिक्षाले व्यवहारमा ल्याएको पहिलो परिवर्तनमा सेवा, सत्कार, बोलीचाली, भाषा शैलीमा आएको परिवर्तन र ३७.५ प्रतिशत पाइयो । सहयोग आदान प्रदानमा आएको परिवर्तन ६२.५ प्रतिशत पाइयो ।

तालिका नं. **४.३.५** शिक्षाले टिकाथलीको सार्की जातिमा पनि धेरै मानविय व्यवहारमा परिवर्तन आएको प्रष्ट हुन्छ । धेरै मानविय व्यवहारमा परिवर्तन आएको पाइन्छ । शिक्षाले नै समाज परिवर्तन गर्न सक्छन् भन्ने कुरामा उत्तरदाता सहमत छन् । आफ्नो छोराछोरी माथिल्लो तहसम्म पढाउनु पर्छ भन्ने मान्यता विकास भएको छ । पढेलेखेको परिवारमा शिक्षित भएकोले बोलीचालि रोजगार आयस्तर, चेतना संस्कारमा परिवर्तन भएको देखिन्छ ।

## ४.४. दलित र अन्य जाति बीचको सम्बन्ध

समाज भनेको नै मानिसहरूको आपसी सम्बन्धहरूको जालो हो (ढकाल, २०६८) । समाजमा आपसी सम्बन्ध बिना मानिसलाई बाँच्न कठिन हुन्छ । आपसी सम्बन्धले नै जीवनयापनलाई सहज बनाएको हुन्छ। समाज एक अर्काको पारस्परिक सहयोगबाट संचालन भएको हुन्छ । यहाँका साथै जातिको पनि अन्य ब्राम्हण, क्षेत्री, नेवार र मगर जातिसँग राम्रो र निकट सम्बन्ध रहेको पाइन्छ । बाहिर छुवाछुत गर्दैनन् तर आफ्नो घरभित्र पसाउने गरेका छैन । केही खाने कुरा भाडा छोइ छिटो हाल्ने गरेका छैनन् । सार्की जातीले अन्य जातिका मानिसलाई विभिन्न काममा सहयोग पुर्याएका छन् । सार्की र अन्य जातिबीच काममा आदानप्रदान भइरहेको छ ।

### ४.४.१ ब्राह्मण र सार्की बीच सम्बन्ध

सार्की जाति र ब्राम्हण जाति दुवै आर्य समुदायको भएको हुनाले धेरै कुरामा समानता भेटिन्छ । दुवै जातिको भाषा, संस्कृति, भेषभूषा सबै एउटै हुन्छ । तर यहाँका सार्कीहरूले पहिले ब्राह्मण, नेवार समुदायको जुत्ता बनाउने काम गरेता पनि अहिले धेरैले जुत्ता बनाउने काम छोडेका छन् । जनाले जुत्ता बनाउने काम गरेतापनि उनीहरूको पेशालाई घृणाको रुपमा नहेरेर राम्रो पेशाको रुपमा हेरिन्छ । प्रजातन्त्र र गणतन्त्रको परिणाम स्वरुप सामाजिक व्यवहारमा परिवर्तन आएको पाइन्छ । फलस्वरुप अहिले दलित र अन्य जातिबिच सुमधुर सम्बन्ध रहेको पाइन्छ । तर पनि टिकाथलीका बाहुन, क्षेत्री र नेवारहरूले सार्कीलाई आफ्नो घरभित्र पस्न दिदैनन् । तर सार्की जातिको घरमा बिहे हुंदा निम्ता गर्ने गर्दछन् भने भोजभतेरमा छुवाछुत गरेको पाइदैन । घरमा भोजभतेरमा खाने कुरा भाडा छोएमा छोइछिटो हाल्ने गर्दैनन् ।

### ४.४.२.क्षेत्री र सार्कीबीचको सम्बन्ध

टिकाथलीका सार्कीले क्षेत्रीलाई आफूभन्दा ठूलो जातको भनेर अझैपनि विष्ट भन्ने गर्दछन् । ब्राह्मणसँगको सम्बन्ध जस्तै गरी क्षेत्री र सार्की बीचको सम्बन्ध पनि सुमधुर छ । क्षेत्री र सार्की विच पनि भाषा, संस्कृति, भेषभूषा, रहनसहन सबै मिल्ने गर्दछ । उनीहरूले आफ्नो घरमा विवाह, व्रतबन्ध अरु कार्यमा पनि सार्की समुदायलाई निम्तो गर्ने गर्दछन् । क्षेत्रीहरूले पनि सार्कीहरूलाई आवश्यक किसिमको सहयोग पनि गर्दछन् भने सार्कीहरूले पनि परेको बेला आएर काम गरिदिन्छन् । एउटै समाजमा बसेपछि एका अर्कालाई सहयोग गर्नुपर्छ भन्ने भावना दुवै जातिमा रहेको छ ।

### ४.४.३. नेवार र सार्कीबीचमो सम्बन्ध

टिकाथलीका नेवार समुदायसँग सम्बन्ध पनि समधुर रहेको पाइन्छ। आफूलाई आवश्यक पर्दा ऋण सार्कीहरूले जतिले प्रायः यहाँका धनी नेवार समुदायबाट लिने गर्दछन् । नेवार र सार्की जातिको भाषा संस्कृति अरु जातिसँग जस्तो मिल्दो जुल्दो रहेको पाइदैन । सार्की जातिले मान्ने सबै चाडपर्वमा उनीहरूले मान्दैनन् भने उनीहरूले मान्ने चाडपर्व सार्की जातिले मान्दैनन् तर दशै तिहार भने दुवै जातिले मान्ने चलन रहेको छ । नेवार जातिले मनाउने पर्व जस्तै गाइजात्राहरूमा पनि सार्कीहरूलाई घरमा बोलाउने खान दिने चलन छ । तर सार्की जातिले खाना खाएपछि छिटो हाल्ने चलन छैन । त्यहाँका सार्कीहरूलाई अरुजातिले छुवाछुत गर्ने गरेतापनि विस्तारै कम भएको पाइन्छ ।

## ४.५ सामाजिक संघ संस्थासंग सार्की जातिको सम्बन्ध

महालक्ष्मी नगरपालिका, वडा नं. ५ मा सरकारी संघसंस्थाहरूमा स्वास्थ्य चौकी, वडा कार्यालय, हुलाक र जिल्ला विकास मार्फत नागरिक सचेतना केन्द्र र अन्य गैरसरकारी संस्था पनि रहेका छन् ।सार्की समुदायमा सचेतना आउनुको कारण विभिन्न गैरसरकारी संस्थाको ठूलो हात रहेको पाइयो । सार्की जातीले आफ्नो पहिचान र महत्वलाई राम्रोसँग बुझ्न सक्ने भए र एक आपसमा मिलेर बस्न सघाएको पाइन्छ । सार्की जातिमा सचेतना ल्याउनको लागि निम्न सरकारी र गैरसरकारी संस्थाहरूको महत्वपूर्ण भूमिका छ ।

### ४.५.१ नागरिक सचेतना केन्द्र

ललितपुर जिल्ला, महालक्ष्मी नगरपालिका, वडा नं. ५ मा नागरिक सचेतना केन्द्र रहेको छ । सरकारी स्तरबाट संचालित नागरिक सचेतना केन्द्रले त्यहा भएको दलित समुदायलाई साक्षरता गराउनको लागि दैनिक रुपमा महिलासँग सम्बन्धित विषयमा छलफल गराउने गरेको छ। त्यसैगरी वडामा महिलाको लागि भनेर आउने बजेटको निकासी गर्ने, नागरिकतासँग सम्बन्धित विषयहरू लागि पहल गर्ने काम गरेको छ।

### ४.५.२ एलजिपी कार्यक्रम

टिकाथली नगरपालिका अन्तरगत एलजिपी कार्यक्रम पनि संचालन छ । यसको कार्यक्रम मार्फत त्यहा रहेका दलित समुदाय तथा अन्य समुदायलाई कृषि सम्बन्धि र कुखुरा पालन सम्बन्धी उनीहरूलाई तालिम दिइएको पाइन्छ। एलजिप कार्यक्रमको उद्देश्य पनि स्थानीय तहमा रहेका गरीब तथा दलित समुदायलाई आर्थिक उपार्जनको लागि आयमूलक तालिमहरू दिने रहेको छ। यस कार्यक्रममा पनि दलित समुदायको राम्रो सहभागिता रहेको पाइन्छ।

### ४.५.३. दलित महिला संघ

टिकाथलीमा गैरसरकारी संस्था दलित महिला संघको महिला समुह रहेको छ। एउटा समुहमा ४३ जना महिला आबद्ध रहेका छन्। दलित महिला संघले टिकाथली महिलाहरूलाई मासिक बैठक बसाल्ने, सिपमूलक तालिम दिने, राजनैतिक तालिम दिने काम गरेको छ । दलित महिला संघले सिपमूलक तालिम महिला विरुद्धको कायक्रम, नेतृत्व विकास आदि कार्यक्रमहरू गरेको छ। दलित महिला संघले दलित महिलाहरूलाई आर्थिक, सामाजिक र राजनीतिक रुपमा अगाडी ल्याउनको लागि त्यस क्षेत्रमा विभिन्न कार्यक्रमहरू गरेको छ।

## ४.६. सार्की जातीमा जातिय भेदभाव तथा छुवाछुतले सामाजिक जीवनमा पारेका असरहरू:

सार्कीहरूलाई अन्य जातिले बाहिरी रुपमा विभेद नगरे पनि अझै विभेद हटेको पाइदैन। विभेदले निम्न असरहरू पारेको छ।

१. छम्पी, चापागाउँ, लुवु आदि मन्दिर प्रवेशको क्रममा, इनार छोएको निउमा, पसलमा विभेद भएका घटनाहरू भएका थिए। तर अहिले त्यो ठाउँमा पनि विभेदको घटना घटेको पाइदैन। भने टिकाथली ( महालक्ष्मी नगरपालिका) अहिलेसम्म अदालतसम्म पुग्नेगरी विभेदको घटना घटेको पाइदैन। तर पनि समाजमा अझै पनि विभेद छ हटेको छैन त्यसैगरी टिकाथली वडा नं. ५ मा पनि बाहिर देखिने गरी विभेद नगरेपनि अरु समुदायले सार्की जातिलाई समान व्यवहार गर्दैनन।

२. सबै मानिस बराबर हो जातको आधारमा कुनै ठूलो सानो भन्ने हुदैन भन्ने मान्यता हुँदाहुँदै पनि जातीय भेदभावले गर्दा सार्कीहरूलाई अन्य ब्राम्हण, क्षेत्री, मगर, नेवारहरूले आफ्नो घरभित्र पस्न दिदैनन्।

३. सार्कीहरूले अन्य जातिलाई आदर गर्दा गर्दै पनि उनीहरूलाई अनादर गर्ने गर्दछन्। पहिलादेखि नै माथिल्ला जातिले दलितलाई अनादर गर्ने परिपाटी छ। अहिले पनि दलितलाई सबै जातिले आफ्नो जातिको तहमा हेर्दैनन्।

४. अन्तरजातिय विवाह गर्न पाइदैन अध्ययन क्षेत्रमा रहेका १ जनाले मात्र अन्तरजातीय विवाह गरेका छन् तर पनि दुई परिवारमा सम्बन्ध राम्रो छैन। बाहिरी रुपमा विभेद नभएपनि विहेवारी गर्ने कुरा अझै सहज भएको देखिदैन। विवाहावरी गर्दा आफ्नो जात खोज्ने परिपाटी छ यदि केटाकेटी मन पराएर विहे गरे पछि स्वीकार्न सक्दैनन्।

५. पुरानो पिढीको सोचका कारण जातीय विभेदको असर केही नयाँ पिढीमा पनि परेको पाइन्छ। यसको कारण यो कुसंस्कार अझै नयाँ पिढीसम्म पनि रहन सक्छ।

# अध्याय पाँच

# सारांश, निष्कर्ष

## ५.१. सारांश

नेपालमा धेरै भाषा, धर्म, संस्कृति भएका मानिसहरू बसोबास अझै पनि नेपाली समाजमा जातिय छुवाछुत र भेदभाव रहेको पाइन्छ । छुवाछुत तथा भेदभाव प्रथा समाजको एउटा कलंक हो । यही छुवाछुत दलित समुदायको उत्थानको लागि एक बाधक तत्व हो । सार्की जातिको उत्पत्ति कहिलेदेखि भयो भनेर स्पष्ट छैन । कामको आधारमा विभाजन गर्दा यो जाति दलित समुदायमा पर्दछ । यद्यपि यस जातिले ब्राम्हण र क्षेत्रीका सांस्कृतिहरू ग्रहण गर्दै आएको पाइन्छ । सार्की जाति वर्ण व्यवस्था अनुसार पानी नचल्ने र छोइछिटो हाल्नु पर्ने दलित समुदाय मध्येको एउटा जाति हो । यो जाति सामाजिक, आर्थिक र शैक्षिक रुपमा पछाडि छन् । केही सार्कीहरूले आफ्नो पेशालाई अंगालेका छन् भने कोहीले अरु काम गरेर जिविकोपार्जन गरेका छन् । प्रस्तुत शोधको मुख्य उदेश्य लालितपुर जिल्ला महालक्ष्मी नगरपालिका टिकाथली वडा नं. ५ का सार्की जातिको सामाजिक, आर्थिक तथा शैक्षिक पक्षको अध्ययन गर्नु हो ।

नेपालका विभिन्न समुदाय जस्तै सार्की जातिको पनि आफ्नै सामाजिक मूल्यमान्यताहरू रहेका छन् । सार्की जातिसँग सम्बन्धित सामाजिक, आर्थिक तथा शैक्षिक पक्षहरू केलाउने क्रममा ललितपुरको महालक्ष्मी नगरपालिका टिकाथली वडा नं. ५ मा २०७९ साल असार महिनामा स्थलगत तथ्याङ्क संकलन गर्ने कार्य गरियो । सार्की समुदायसँग सम्बन्धित विभिन्न तथ्यांक सङ्कलन गर्दा प्राथमिक विधि अन्तरगत सहभागी अवलोकन, प्रश्नावली, स्थानीय जानकार बुद्धिजीवी व्यक्तिहरूसँगको भेटघाट अन्तरवार्ता र अवलोकन विधी प्रयोग गरी सरकारी एंव गैरसरकारी क्षेत्रबाट प्राप्त सामाग्रीहरूको प्रयोग गरियो । प्राप्त तथ्याङ्गबाट अनुसन्धानको उद्देश्य अनुरुप सार्की जातीको सामाजिक, आर्थिक तथा शैक्षिक पक्षका विभिन्न पक्षहरू केलाउन प्रयास गरिएको छ ।

ललितपुर जिल्ला काठमाडौंसँग जोडिएको जिल्ला हो । यो ऐतिहासिक रुपमा महत्व बोकेको छ । यही जिल्लामा एतिहासिक पाटन दरबार रहेको छ । अध्ययन एरिया ललितपुर

जिल्लाको उत्तरपट्टि रहेको छ । प्रस्तुत शोधमा महालक्ष्मी नगरपालिका टिकाथलीमा सार्की समुदाय बाहेक अरु जातिको पनि बसोबास रहेको छ। टिकाथली वडा नं. ५ को सार्की समुदायको अध्ययन गरिएको छ ।

टिकाथली .वडा नं. ५ को ४० घरधुरीमा केटाकेटी तथा बयस्कहरूको तुलनामा बृद्धको जनसङ्ख्या कम पाइयो । वडा नं. ५ मा १ वटा नागरिक सचेतना केन्द्र रहेको पाइयो । १ वटा गैरसरकारी संस्था र १ वटा दलित महिला सङ्घ रहेको पाइयो । दलित महिला संघले यहाँका महिलाहरूको शसक्तिकरणका लागि कार्यक्रमहरू सन्चालन गरेको पाइयो । सार्की जाति बढी एकात्मक पारिवारिक संरचना तर्फ आकर्षित हुदै गएको पाइयो । यहाँका सार्की जातिको परम्परागत जातिय पेशा गर्ने सार्की परिवारको सङ्ख्या घटदै गएको देखिन्छ । परम्परागत पेशा नगर्ने परिवार धेरै रहेको पाइन्छ । सार्की परिवारहरू आफनै पैतृक पेशाप्रति त्यति जोड गरेको पाइएन । किनभने पैतृक पेशाले आफ्नो परिवार पाल्न समेत नपुग्ने देखियो । परम्परागत पेशामा आएको संकट र नयाँ पेशाको अभावले गर्दा टिकाथलीका सार्की जातिको आर्थिक अवस्था कमजोर रहेको पाइयो । ४० घर सार्की परिवार सर्वेक्षणमा ५७.५% निरक्षर र आइ ए पढ्ने ५ प्रतिशत, मा.वि. पढ्ने १० प्रतिशत, निम्नमाध्यमिक पढ्ने १५ र प्रा.वि. पढ्ने १२.५ प्रतिशत रहेको पाइयो तर पनि उनीहरूले छोराछोरीलाई पढाएको पाइन्छ । अहिले आएर छोराछोरीलाई शिक्षा चाहिन्छ भन्ने चेतना आएको भएता पनि छोराछोरी राम्रो नपढ्ने गरेको पाइयो । यहाँका सार्कीहरूको जग्गा जमिनको अभाव र पानीको अभावले गर्दा पनि कृषि पेशामा संलग्न भएपनि राम्रो काम गर्न नसकेका देखियो । सार्की जातिको परम्परागत पेशाको वैकल्पिक पेशाबाट मुश्किलले खानसम्म पुगेको पाइयो । उनीहरूको जिवन स्तर र आर्थिक अवस्थामा खासै परिवर्तन आएको देखिएन । उनीहरू दिन भरी ज्यालादारी गरेर ल्याएको पैसाले खान पनि पुगेको पाइयो । केही परिवारका विदेश जानेहरूको आर्थिक स्तर अलि माथि देखियो तर धेरै परिवारहरू ज्याला मजदुरी गरेर जिवन निर्वाह गरेको पाइयो । आर्थिक अवस्थाको कारण उनीहरूको छोराछोरीलाई कसरी पालन पोषण र शिक्षा दिने भन्ने एउटा गम्भीर प्रश्न छ । सार्कीहरूले हिन्दु धर्म मान्दै आएको पाइयो । उनीहरूले हिन्दुहरूले मनाउने सबै चाडपर्व जस्तै तिज, दशै, तिहार, चैते दशै आदि मनाउदै आएको पाइयो । हिन्दु संस्कृति अपनाएर पनि जन्मदेखि मृत्युसम्म गरिने संस्कारमा कुनै ब्राम्हण दलितको घरमा जाने सामाजिक कार्यमा जादा उनीहरूले दलितको घरमा केहीले खाने गरेको भएपनि

आफूहरूले सार्कीजातिलाई आफ्नो घरमा भित्र पसेर खान नदिने गरेको देखियो । अझै पनि घर, पसल, हुदै सार्वजनिक ठाउँ सम्म रहेको जातिय विभेदले गर्दा उनीहरूको सामाजिक स्थितिमा त्यति सुधार आउन सकेको भने देखिएन । सार्की जातिको आफ्नो छोराछोरीको विवाह २० वर्ष उमेर भएपछि गरि दिने चलन रहेको पाइयो । १२.५ प्रतिशतले आफ्नै खुशीले २० वर्ष उमेर भन्दा नी कम उमेरमा विहे गरेको पनि देखियो। १२.५ प्रतिशतले २५ वर्ष पछि विहे गरेका देखियो । यहाका सार्की समुदायको सरकारी सेवामा १ जनाको सहभागिता रहेको छ । महालक्ष्मी नगरपालिका, टिकाथलीका वडा नं. ५ का सार्की जातिको ४० घर परिवारमा लिएको अन्तरवार्तामा १७ जना साक्षर र र २३ जना साधारण लेखपढ रहेको देखिन्छ ।

२१ देखि २५ वर्ष उमेरमा बिहे गर्ने सङ्ख्या धेरै छ किन भने नेपाल सरकारले विवाह गर्ने उमेर हदबन्दी २० वर्षभन्दा मुनि गर्न नपाइने कानुन बनाइ दिएको छ । विवाह २० वर्षभन्दा माथि भएपछि गर्नुपर्छ र छोराछोरीको इच्छा अनुसार गर्नुपर्छ भन्ने छ । केटाकेटीमा पनि आफूले पढेर केही आफ्नो खुट्टामा उभिएर मात्र विवाह गर्नुपर्छ भन्ने मान्यताले छोएको पाइन्छ । विवाह गर्ने १२.५ प्रतिशत रहेको देखिएको छ । सार्की जाती अशिक्षित र नेपाल सरकारले ल्याएको कानुन थाहा नभएर विवाह गरेको पाइयो ।

शिक्षाले सामाजिक सम्बन्धमा ल्याएको परिवर्तनमा जम्मा ४० घरधुरीमा लिएको तथ्याङ्कमा छुवाछुत तथा विवेदमा २५% मा परिवर्तन आएको देखियो अन्य जातिसंगको सबन्धमा सुधारमा ३७.५% प्रतिशत रहेको पाइयो अन्य ठूला जातिको घरमा पस्न पाउने परिवर्तनमा जम्मा ४० जनालाई सोध्दा १७.५% मात्र परिवर्तन भएको छ । र विवाह प्रणालीमा २०% मा मात्र परिवर्तन भएको पाइयो ।

सार्की जातिको ४० घर धुरीबाट ४० जनासँग तथ्याङ्क लिँदा स्वारोजगार १५ प्रतिशत सार्की जातिले आफ्नै काम गर्ने देखियो । सरकारी रोजगारीमा २.५% मात्र देखियो वैदेशिक रोजगारमा १०% ले वैदेशिक रोजगारमा गएको देखियो । ज्यालादारी मजदुरी ६०% ले गरेको पाइयो । समग्रमा सार्की जाति अझै पनि सरकारी जागिरमा एकदममै कम देखियो । शिक्षा आर्थिक कमजोरीको कारणले गर्दा वैदेशिक रोजगार र सरकारी जागीरमा पनि कम रोजगार गरेको पाइयो । १० प्रतिशत सार्की जातिसँग एक रोपनी जमिन रहेको पाइयो । उनीहरू पनि पैसा कमाउन विदेश जानेको समूहले यो जमिन किन्न सकेको बताउँछन् । तर गाउँमै बसेर कृषि पेशा गर्ने परम्परागत पेशा गर्नेको अझै पनि रोपनी जग्गा जमिन नभएको

पाइयो । कृषि पेशालाई, पराम्परागत पेशालाई आधुनिकीकरण नगर्दा उनहिरूको आम्दानी बढ्न नसकेको हो यसमा सरकारी पहल पनि भएको पाइदैन ।सार्की जातिमा १५% ले मात्र परम्परागत पेशा गर्दै आएका छन् किन भने पेशाप्रति अहिलेको युवामा चासो छैन र त्यसबाट हुने आम्दानीले जीवन धान्न गाह्रो हुने देखिएकोले पनि परम्परागत पेशामा सार्कीहरूको संलग्नता कम रहेको पाइयो। ज्याला मजदुरीलाई मुख्य पेशा मान्ने सार्की परिवार ६० प्रतिशत रहेको पाइयो । गाउँघरमा बसेर केही आम्दानी गर्न नसकेर विदेशमा बस्ने १० प्रतिशत रहेको छ । कृषि पेशामा पनि आधुनिकीकरणको कमी पानीको अभावको कारण धेरैले यो पेशालाई अंगाल्न सकेका छैनन् । यसरी हेर्दा कृषि पेशामा १५ प्रतिशत रहेको पाइयो । त्यसपछि परम्परागत पेशा गर्ने सार्की परिवार र बजारको व्यवस्था नजिक भएपनि यिनीहरूले कृषि पेशालाई अंगाल्न नसक्नुको मुख्य समस्या जमिन र पानीको समस्या रहेको बताउछन् । धेरै मात्रामा सार्की जाति, ज्याला मजदुरी परिवार चलाएको पाइन्छ ।

उनीहरूको परम्परागत पेशा अहिले आधुनिकरणले गर्दा ठूलो असर परेकोले गर्दा परम्परागत पेशा धरासय बनेको पाइयो । कृषि पेशामा जग्गा जमिन कम भएकोले गर्दा कृषि व्यवसायलाई पनि उनिहरूले प्रमुख पेशा बनाउन नसकेको पाइयो । प्रस्तुत तथ्याङ्कबाट के प्रस्ट हुन्छ भने सार्की जातिले चार्डपर्वमा दशै, तिहार र तिज जस्ता चाडपर्व धेरै घर परिवारले मान्दै आएको पाइयो ।हिन्दु धर्म ७५% प्रतिशत मानिसहरूले हिन्दुधर्म मान्दै आएको देखियो । क्रिश्चियन धर्म २५% सार्की जातिले मान्दै आएको देखियो । सरकारी स्वास्थ्य संस्थामा ४० घर धुरीमा ६७.५% मानिसहरूले सरकारी स्वास्थ्य संस्थामा सेवा लिएको पाइयो । निजि स्वास्थ्य संस्थामा २५% मानिसले स्वास्थ्य उपचार गरेका छन् । धामी झाक्री र बैद्य सेवामा ७.५% मानिसहरूले उपचार गरिरहेको पाइयो । ४० घरधुरी ४० जनामा सर्वेक्षण गर्दा शिक्षाले व्यवहारमा ल्याएको पहिलो परिवर्तनमा सेवा, सत्कार, बोलीचाली, भाषा शैलीमा आएको परिवर्तन र ३७.५% पाइयो । सहयोग आदान प्रदानमा आएको परिवर्तन ६२.५ प्रतिशत छ ।

## ५.२. निष्कर्ष

प्रस्तुत ललितपुर जिल्ला महालक्ष्मी नगरपालिका, वडा ५ टिका थलीमा रहेको ४० घरधुरी सार्की जातिमा गरिएको सामाजिक, आर्थिक र शिक्षक अवस्थामा गरिएको एक समाजशास्त्रीया अध्ययनमा सार्की जाति सबै पक्षबाट पिछडिएको हेपिएको र सामाजिक, आर्थिक र शैक्षिक अवस्था एकदमै कमजोर रहेको पाइन्छ। टिकाथलीको सार्की जाति वा समुदायमा आर्थिक पक्षमा वा अवस्थामा पेशा, भुस्वामित्व वार्षिक आय, रोजागर र खाना पुग्ने र नपुग्ने तत्वहरूको अध्यन अनुसन्धान प्रत्यक्ष प्रत्येक घरमा गइ तथ्याङ्क लिदा आर्थिक अवस्थाको पेशामा परम्परागत पेशा, कृषि, मजदुरी आदि पक्षलाई हेर्दा ललितपुर नगरपालिका, टिकाथलीका सार्की जाती अत्यन्तै न्युन अवस्थामा भेटियो । रोजगारीको तथ्याङ्कबाट आफ्नो पूरानो पेशा कमैले गरेको देखिन्छ। धेरै जसोले ज्याला मजदरी गरी परिवारको गुजारा चलाएको पाइयो । सार्की जातिमा जग्गा जमिन अत्यन्तै थोरै भएको कारणले गर्दा कृषि पेशामा उनीहरू कम रहेको छ ।

टिकाथलीका सार्की जाति विस्तारै वैदेशिक रोजगारमा पनि जान थालेको पाइयो किन भने जग्गा जमिन पनि कम र रोजगारमा पनि पुरानो पैसालाई अहिलेको आधुनिकरणले् विस्तापित गराइदै आएकोले आफ्नो परिवार संचालनको लागि पनि वैदेशिक यात्रा गरिरहेको पाइएको छ ।

सामाजिक पक्ष वा अवस्थामा टिकाथलीका सार्की जातिको सामाजिक अवस्थामा आठवटा तत्वहरूको अध्ययन अनुसन्धान गरी तथ्याङ्क निकालिएको छ । त्यसमा उमेर, लिङ्ग, जाति विभदे, वैवाहिक अवस्था, पारिवारको किसिम, स्वास्थ्य, धर्म र चाडपर्व आदिको तथ्याङ्क निकालिएको छ । त्यसमा यी आठैवटा पक्षमा सार्की जातिको अवस्था निकै दयनीय देखिएको पाइन्छ । उमेरको अवस्थामा कम उमेरको सहुकले घरको दायित्व समालेको पाइन्छ । किनभने ६० वर्ष भन्दा बढी उमेरको जनसङ्ख्या कुल जनसङ्ख्याको तुलनामा कम भएको देखिएकोले कम उमेर समूहका मानिसहरूले घर समालेको पाइन्छ । लिङ्गको आधारमा महिला र पुरुषको आधारमा परिवारको जिम्मेवारी पुरुषले लिएको पाइयो । महिलाहरू एकदमै कमले घरको जिम्मेवारी समालेको पाइयो । विवाह पनि सार्की जातिमा २० देखि २५ वर्ष सम्मले धेरैले यो उमेरमाविवाह गरेको पाइयो । परिवारको किसिममा सार्की जाति संयुक्तमा भन्दा एक परिवारमा

बस्दै आएको पाइयो । अधिकांश जातिले हिन्दुनै मान्दै आएको पाइयो । चार्डपर्व दशै तिहार, तिज, चैते दशै नै धेरेले मान्दै आएको पाइयो र केहीले क्रिस्मसलाई पनि मान्दै आएको पाइयो । स्वास्थ्यमा अझै पनि सार्की जाति धामी झाक्री प्रथा पनि मानिरहेको पाइयो । धेरै जसोले सरकारी स्वास्थ्य सेवा लिएको पाइयो ।

सार्की जातिमा शिक्षाको अवस्था बारेमा टिकाथली, वडा नं ५ मा अध्ययन अनुसन्धान गर्दा विद्यालयमा पहुँच शिक्षाको स्तर, शिक्षाले सार्की जातिमा ल्याएको परिवर्तन आदिको विषयमाम हेर्दा सार्की जाति अझै पनि आर्थिक समस्याको कारणले गर्दा आफ्नो बाल बच्चा निजी विद्यालयमा पढाउन नसक्ने र आफ्नो छोराछोरी धेरै मात्रामा सरकारी विद्यालयमा पढाएको पाइयो । आजभोली सार्की जातिमा शिक्षको कारण आफु नपढे पनि आफ्नो बालबालिकालाई पढाउनु पर्छ भन्ने सोच आएको देखिन्छ । निजि क्षेत्रमा मात्र नभएर सरकारी विद्यालयबाट धेरे शिक्षा लिन सकिन्छ भन्ने आफ्नो बालबच्चा स्कुल पठाउने गरिएको पाइन्छ । शिक्षाले ललितपुरका महालक्ष्मी नगरपालिका, टिकाथलीको सार्की जातिमा पहिलाको तुलनामा धेरै  परिवर्तन आएको पाइन्छ । व्यवहार, संस्कार, बोलीचाली, अनुशासन, भाषाशैली आदिमा धेरै परिवर्तन आएको पाइयो । समग्रमा ललितपुर जिल्ला, टिकाथली, वडा नं. ५ को सार्की जातिमा आर्थिक, सामाजिक, शैक्षिक अवस्थामा पछि परेको पाइयो । सार्की जाति पछी पर्नुमा आर्थिक, शैक्षिक, सामाजिक तीनै अवस्थाको कमीले गर्दा पछाडी परेको पाइयो । निष्कर्षमा भन्दा यहाका सार्की समुदायको आर्थिक स्थिति अरुको भन्दा कमजोर छ । सामाजिक रुपमा सार्की जाति र अरु जातिबीच पानि बाराबारको स्थिति नभएपनि जातिय विभेद कायम नै रहेको छ ।

# सन्दर्भ सामग्री

Bishankha, A.(2008).Violence Against Dalit Women -A Case Study of LalitpurDistrict)

CBS (2011). National Population and Housing Census 2011. Kathmandu: Centerla Bureu of Statistics.

CBS (2012).District Profile of Lalitpur, Kathmandu: Central Bureau of Statistics.

आचार्य, बलराम (२०६७), नेपाल समाज र संस्कृति, नेशनल बुक सेन्टर, भोटाहिटी, काठमाण्डौ ।

आहुति (२०६७), *नेपालमा वर्णव्यवस्था र वर्ण संघर्ष,* समता फाउण्डेशन ।

उपाध्याय, श्रीकृष्ण, (२०६०), नेपाल प्राचिन इतिहास, रत्न पुस्तक भण्डार, काठमाण्डौ ।

किसान, यमबहादुर (२०६७), *दलित र सकारात्मक उपाय,* काठमाडौं : एक्सनएड नेपाल र नेशनल स्कुल अफ रिसर्च ।

के.शी.डा.सुरेन्द्र, (२०६०) नेपालको इतिहास तथा ऐतिहासिक परम्परा, बौद्धिक संसार प्रकाशन, पुतलीसडक, काठमाण्डौ ।

गोतम, टिकाराज, (२०६५), समाजशास्त्र र मानवशास्त्रको परिचय हेरिटेज पब्लिकेशन एण्ड डिष्टीव्युटर्स, भोटाहिटी, काठमाण्डौ ।

न्यौपाने, शारदा (२०६९), *सार्की जातिको सामाजिक,* आर्थिक तथा सांस्कृतिक अवस्था, अप्रकाशीत शोधपत्र, त्रिभुवन विश्वविद्यालय ।

नेपाल सरकार (२०४७), *नेपाल अधिराज्य संविधान* २०४७, काठमाडौं: नेपाल सरकार ।

नेपाल सरकार (२०६३), *अन्तरिम संविधान, काठमाडौं* : नेपाल सरकार ।

नेपाल सरकार (२०७२), *नेपाल संविधान* २०७२, काठमाडौं: नेपाल सरकार ।

परियार, अन्जु (२०१४) *काठमाडौंका दमाई जातिको आर्थिक अवस्था,* अप्रकाशीत शोधपत्र, त्रिभुवन विश्वविद्यालय ।

परियार, तिलक (२०६८), *मार्क्सवाद दलित र विशेषाधिकार,* काठमाडौः रत्नमाया सायित्व संरक्षण समिति ।

पासवान,भोला २०७२) दलितको *शैक्षिक अवस्था,*अप्रकाशीत शोधपत्र, त्रिभुवन विश्वविद्यालय, काठमाडौं ।

पोखेल दिपक र ढकाल नवराज (२०७३), *सामाजिक स्तरीकरण र विविधीकरण,*काठमाडौं : न्यू हिरा बुक्स इन्टरप्राइजेज ।

बराली, रणेन्द्र (१९८३), *नेपालमा अछूत जातिय संघर्ष,* नेशनल बुक सेन्टर, भोटाहिटी काठमान्डौ ।

मिश्र, चैतन्य (२०१०), *दलित समस्या राजनैतिक अर्थतन्त्र,* नेशनल बुक सेन्टर, भोटाहिटी काठमान्डौ ।

राष्ट्रिय दलित आयोग (२०६८), *जातीय भेदभाव तथा छुवाछुत कसुर र सजाय ऐन २०६८,* काठमाडौं : राष्ट्रिय दलित आयोग ।

शर्मा, जनकलाल (२०५५), आधारभुत समाजशास्त्र तथा मानवशास्त्र, सरस्वती पूस्तक पसल, महेन्द्रपुल, पोखरा ।

समता फाउण्डेसन, (२०७०) *दलनविरुद्ध प्रतिरोध नेपाली दलितहरूको संघर्षगाथा,* काठमाडौं : समता फाउण्डेसन

Hofer. (Introduction of the hierachey and the state in Nepal): A study of the Muluki Ain of 1954. Himal Book Center, Kathmandu, Nepal

https: //hi.m.wikipedia.org

https://wikipedia.org

Nepali, Purna Bahadur & Ramtel Khadga (2012). Access to Land of Dalit Community and Dalit InclusionM An Analysis from Intersectionality Perspective. Research paper,- Submitted to Social Inclusion Research Fund (SIRF) Secretariat SNV Nepal, Bakhundole, Lalitpur,

Pokhrel, pravath (2004) (Interbution of the hieradicy and the statge in Nepal): A study of the muluki ain 1954, himal book center Kathmandu, Nepal

# अन्तरवार्ता अनुसूची

अन्तरवार्ताको क्रममा सूचनादातासँग प्रयोग गरिने प्रश्नावली मितिः

१. नामः ठेगानाः

लिङ्गः उमेरः

धर्मः पेशाः

वैवाहिक स्थितिः

२. तपाइको परिवारमा कति सदस्य हुनुहुन्छ ?

३. कस्तो परिवारमा बस्नुहुन्छ ?

क) एकल ख) संयुक्त

४. तपाइको छोराछोरी कति छन् ?

क) २ जना ख) २-४ जना ग) ४ भन्दा बढी

५. छोराछोरीको विवाह कति वर्षको उमेरमा गरिदिनुहुन्छ ?

क) २० वर्ष भन्दा कम ख) २० भन्दा बढी

६. तपाइको समुदायमा कुन विवाह बढी चलेको छ ?

क) मागी विवाह ख) प्रेम विवाह ग) अन्य

७. तपाईहरू कुन कुन चाडपर्व मनाउनु हुन्छ ?

.....................................................

८. चाडपर्वमा के- के खाने कुरा धेरै प्रयोग गर्नुहुन्छ ?

९. तपाईकुनै संघसंस्थामा आबद्ध हुनुहुन्छ ?

क) छु ख) छैन ग) अन्य

१०. कस्तो संस्थामा आबद्ध हुनुहुन्छ ?

क) सरकारी ख) अर्धसरकारी ग) गैरसरकारी

११. तपाइको समुदायमा स्वास्थ्य सेवा उपलब्ध छ ?

(क) छ ख) छैन

१२. तपाईहरू कुन स्वास्थ्य सेवामाउपचार गर्नुहुन्छ ?

क) सरकारी ख) निजि (ग) अन्य

१३. बिरामी भएमा कहाँ जानुहुन्छ ?

क) हस्पिटल ख) मेडिकल ग) अन्य

१४. तपाइको कुन जातिसँग राम्रो सम्बन्ध छ ?

क) ब्राह्मण ख) क्षेत्री ग) नेवार घ) अन्य

१५. माथिल्लो जातिको व्यक्तिहरूबाट कस्तो व्यवहार पाउनुहन्छ ?

..........................................................................

१६. तपाइको घरमा माथिल्लो जातिको व्यक्तिले खाना खान्छन् की खादैनन् ?

क) खान्छन् ख) खादैनन्

१७. माथिल्लो जातको व्यक्तिहरूले तपाइहरूलाई आफ्नो घरभित्र जान दिन्छन् कि दिदैनन् ?

क) दिन्छन् ख) दिदैनन्

१८. कुन ठाउँमा विभेद बढी हुन्छ ?

क) घरमा ख) सार्वजनिक ठाउँमा ग) मन्दिर घ) अन्य

१९. अन्य जातिमा वैवाहिक सम्बन्ध भएको छ कि छैन ?

क) भएको छ ख) भएको छैन

२०. छुवाछुतको समस्या पहिले र अहिलेमा कस्तो परक छ ?

२१. तपाईको मुख्य पेशा के हो ?

क) कृषि ख) व्यापार ग) मजदूरी

२२. तपाईको वार्षि आय कति छ ?

क)५०,००० देखि१,००००० ख) १,०००००देखि २,००००० ग) २,००००० भन्दा माथि

२३. तपाईको जग्गा जमिन कति छ ?

क) ०-५ रोपनी ख) ५-१० रोपनी (ग) सो भन्दा माथि

२४. तपाई कमाइले आफ्नो जीवन गुजारा कसरी चलेको छ ?

क) राम्ररी खान पुग्ने ख) खान पुग्ने ग) मुस्किलले खान पुग्ने

२५. तपाई कस्तो घरमा बस्नु हुन्छ ?

क) पक्की ख) माटोको

२६. जग्गाजमिन कस्को नाममा छ ?

(क) महिला		ख) पुरुष

२७ कुन कुन वाली उत्पादन गर्नुहुन्छ ?

क) मकै		ख) धान गहुँ		ग) अन्य

२८. पशुपालन के पाल्नुभएको छ ?

क) गाई		ख) भैसी		ग) बाखा		घ) कुखुरा		ङ) बँगुर

२९ . तपाइले परम्परागत पेशा गर्नु भएको छ कि छैन ?

क) छ		ख) छैन		ग) अन्य

३०. तपाइको परमपरागत पेशाको विकास गर्न सरकारले के गर्नु पर्ला ?

………………………………………………………………………………

३१. तपाइको परिवारको कोही सदस्य विदेश गएका छन् कि छैनन् ?

क) छन्		ख) छैनन्

३२. ऋण सापट लिने गर्नुभएको छ कि छैन ?

क) छ		ख) छैन

३३ . ऋण सापटी कोसँग लिने गरेको छ ?

क) बैकसँग		ख) साहु महाजनसँग

३४. यो समुदायको धेरै जसो मानिसहरू के काम छन् ?

क) रोजगार		ख) व्यापार व्यवसाय		ग) मजदुरी

३५ . रोजगार, व्यवसायमा लाग्नेको सङ्ख्या कस्को बढी छ ?

क) महिला		ख) पुरुष

३६. तपाइको गाउँमा विद्यालय र क्याम्पस कति छन् ?

३७. तपाईको छोराछोरी विद्यालय जान्छने कि जादैनन् ?

क) जान्छन्		ख) जादैनन्

३८ पढ्न जादैनंन् भने किन?

क) आर्थिक अवस्था कमजोर भएर   ख) विद्यालय टाढा भएर   ग) रुढीवादी सोचले गर्दा

३९, छोराछोरी कुन तहमा पढछन् ?

क) स्कुल तहमा		ख) क्याम्पस तहमा		ग) प्राविधिक

४०, छोराछोरी कुन स्कुलमा पढाउनु हुन्छ ?

क) नीजि　　　　　　ख) सरकारी

४१. दलित विद्यार्थीलाई विद्यालयमा विभेद हुन्छ कि हुदैन ?

..................................................................

४२. विद्यालयमा छात्रवृत्ति पाएका छन् कि छैनन् ?

क) पाएका छन्　　　　　　ख) पाएका छैनन्

४३. तपाइको समुदायमा कुनले धेरै शिक्षा हासिल गरेका छन् ?

क) छोरा　　　　　　ख) छोरी

४४. तपाईको गाउँमा महिलाको लागि प्रौढकक्षा संचालन भएका छन् कि छैनन् ?

४५. यहाँका सार्की जाति पछाडि पर्नुको कारण के हो ?

..................................................................

४६. सबै जातिमा समानता ल्याउन के के गर्नुपर्छ ?

..................................................................

४७. सार्की जातिको सामाजिक, शैक्षिक र आर्थिक अवस्था सुधार्न के गर्नुपर्छ ?

..................................................................................................

४८. यो समुदायमा गैरसरकारी संस्थाबाट विकासका कार्यक्रमहरू भएका छन् कि छैनन् ?

..................................................................................................

४९. शिक्षाले तपाईको समुदायमा के-के पक्षमा परिवर्तन ल्याए ?

..................................................................................................

५०. तपाईका छोराछारी कुन विद्यालय पढ्छन् ?

क) सरकारी विद्यालय　　ख) निजी विद्यालय　　ग) सामुदायीक विद्यालय

५१. तपाईहरू कुन-कुन धर्म मान्नु हुन्छ ?

क) हिन्दु　　(ख) बौद्ध　　ग) मुश्लिम　　घ) क्रिश्चियन　　ङ) अन्य

समाप्त